का.जि.प्र.का.द.नं. १००/०५९/६०
५ चैत २०८२
बिहीबार
19 March 2026
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
इपेपर हेर्नु

वर्ष २४, अंक ५६। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

दलीय ट्रेड युनियन बन्द गर्ने रास्वपाको वाचा

# तरंगित कर्मचारीतन्त्र



जेनजी आन्दोलनका विभिन्न कारणमध्ये हामी कर्मचारीहरूको रिसउठ्दो छवि पनि एउटा कारण हो ।

■ **मोहन घिमिरे**
**पूर्वअध्यक्ष, कर्मचारी संगठन**



रास्वपाको वाचापत्र कार्यान्वयन गर्ने हो भने सदनमा अड्किएको निजामती सेवा ऐन जतिसक्दो छिटो पारित गराउनुपर्छ ।

■ **काशीराज दाहाल**
**प्रशासनविद्**




**रूपेश आचार्य/मध्यान्ह**
काठमाडौं, ४ चैत

निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले करिब दुईतिहाइ बहुमत पाएसँगै कर्मचारीतन्त्र तरंगित भएको छ। कारण- रास्वपाको वाचापत्रमा दलीय ट्रेड युनियन बन्द गर्ने विषय समावेश छ।

'सरकारी सेवाको दलगत ट्रेड युनियन खारेजी'लाई रास्वपाले आफ्नो चुनावी वाचापत्रमै राखेका कारण कर्मचारीतन्त्र तरंगित हुन पुगेको हो। यसलाई रास्वपाले आफू सरकारमा आउनासाथ गर्ने काममा रूपमा राखिएकाले पनि दलीय ट्रेड युनियनको औचित्यमाथि बहस सुरु भएको छ।

रास्वपाको वाचापत्रमा भनिएको छ, 'राज्यका विभिन्न निकायहरू– कर्मचारीतन्त्र शिक्षण सेवा, प्राध्यापन, सुरक्षा निकाय, अदालत तथा संवैधानिक अंगलगायत राज्यको सेवा सुविधा उपभोग गर्ने सबैको दलीय आबद्धता अन्त्य गर्न आवश्यक कानुनी र संस्थागत व्यवस्था कार्यान्वयन गर्छौं।'

समग्र वाचापत्रको सार बोक्नेगरी रूपान्तरणका लागि नीतिगत प्रस्थानका १०० आधारमध्येका पाँचौं र छैटौं आधारका रूपमा यो विषयलाई राखिएको छ। रास्वपा सांसद हरि ढकालले दलीय ट्रेड युनियन र विद्यार्थी संगठन खारेज गरेरै छाड्ने बताएका छन्। 'लेखेर राख्नुस्, ती खारेज हुन्छन्,' उनले भने।


रास्वपाले वाचा गरेझैं दलमा आबद्ध युनियन तत्काल खारेज गर्न सम्भव होला ? एमालेनिकट नेपाल निजामती कर्मचारी संगठनका पूर्वअध्यक्ष मोहन घिमिरे प्रशासनमा दलनिकट कर्मचारी संगठनका गतिविधिले निजामती सेवा गुणस्तरमा कमी ल्याएको सबैले स्विकार्नुपर्ने बताउँछन्। 'जेनजी आन्दोलनका विभिन्न कारणमध्ये एउटा कारण हामी कर्मचारीको रिसउठ्दो छवि पनि हो,' उनको स्वीकारोक्ति छ।

एमाले विभाजनपछि तत्कालीन नेकपा एससम्बद्ध एकीकृत कर्मचारी संगठनको अध्यक्ष रहिसकेका घिमिरे अहिले उपसचिव छन्। दलीय ट्रेड युनियन बन्द गरिए पनि कर्मचारीले सामूहिक सौदाबाजी गर्न पाउने अधिकारसहितको एउटा आधिकारिक ट्रेड युनियन भने चाहिने उनी बताउँछन्। 'नेपालपक्ष रहेका आइएलओ अभिसन्धि ८७ र ९८ले सबै पेसाकर्मीलाई संगठन गर्ने अधिकार दिएको छ। नेपालको संविधान, निजामती ऐन र नियमावलीले पनि त्यो अधिकार दिएका छन्। त्यसैले ट्रेड युनियन नै राख्दिनँ भन्ने हो भने सम्बन्धित संविधानिक र कानुनी प्रावधान नै बर्खास्त गर्नुपर्ने हुन्छ,' घिमिरेले भने।

विगतमा निजामती कर्मचारी संगठनका नेताहरू सरुवा-बढुवा, व्यक्तिगत वृत्तिविकास र विदेश भ्रमणमा केन्द्रित भएका कारण पनि समस्या आएको उनी बताउँछन्। त्यसैले कर्मचारी संगठन पूरै हटाउने नभई यसलाई पेसागत हकहितमा मात्र केन्द्रित हुने गरी व्यवस्थित गर्नुपर्ने धारणा राख्छन्।

कर्मचारी संगठनका नेताहरू भने ' कानुनी रूपमा दलगत कर्मचारी संगठन नै नभएका कारण रास्वपाको 'दलनिकट कर्मचारी संगठन खारेज गर्ने' भन्ने कुरा नै अनौठो भएको दाबी गर्छन्। सिंहदरबार वरपर बबरमहलसम्म दलीय संगठनका कार्यालयहरू फैलिएका पृष्ठ २ मा

# कांग्रेसमा बल्झियो गुटबन्दीको घाउ



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ४ चैत

निर्वाचनमा इतिहासकै ठूलो हार बेहोरेको नेपाली कांग्रेसमा फेरि पुरानै घाउ बल्झिएको छ। चुनावी हारले थलिएको कांग्रेसमा पूर्वसभापति शेरबहादुर देउवा पक्षले विशेष महाधिवेशनबाट आएको नेतृत्व नस्विकार्ने अभिव्यक्ति दिन थालेका छन् देउवा पक्षका नेताहरूका पछिल्ला अभिव्यक्तिले पार्टी पुरानै किचलोमा फर्किएको देखाउँछ। नियमित महाधिवेशन गर्न नसकेपछि तत्कालीन सभापति देउवा पक्षको बहिष्कारका बीच विशेष महाधिवेशन गरेर गगन थापाको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित गरिएको थियो। थापाको नेतृत्वमा चुनावमा गएको कांग्रेस ३८ सिटमा खुम्चिएको थियो।


यससँगै देउवा पक्षका नेता कार्यकर्ताले विशेष महाधिवेशनको औचित्य समाप्त भएको दाबी गरेका छन्। गगनकै हस्ताक्षरबाट टिकट लिएर चुनावी मैदानमा गएकाहरू पनि विरोधमा उत्रिएका छन्।

अनपेक्षित पराजयपछि कांग्रेसभित्र सभापति गगन थापानिकट र पूर्वसभापति देउवानिकट नेताहरूबीच आरोप-प्रत्यारोपको ग्राफ बढेको छ। पूर्वसभापति देउवा र वर्तमान सभापति गगन थापा मौन छन्। तर, स्वयं थापाकै हस्ताक्षरमा चुनावी मैदानमा होमिएका देउवा पक्षका नेताहरू भने थापालाई सभापति नै स्वीकार नगरेको बताउन थालेका छन्। कृष्णप्रसाद सिटौला, जितजंग बस्नेत, मीनबहादुर विश्वकर्मालगायतले पृष्ठ २ मा



हामीले निर्वाचनमा सहकार्य मात्रै गरेका हौं। तर १४औं महाधिवेशनबाट आएको कार्यसमितिले विशेष महाधिवेशनलाई चिन्दैन। हामीले विशेष महाधिवेशनलाई स्विकारेका छैनौं।

■ **मीन विश्वकर्मा**
**नेता, कांग्रेस**



हाम्रो जिम्मेवारी भनेको नियमित महाधिवेशन हो। चुनावको सूक्ष्म समीक्षा गरेर पार्टीलाई फेरि पुनर्संगठित गर्न देशभर नयाँ कार्यक्रम र नीतिसहित नियमित महाधिवेशनतर्फ लाग्छौं।

■ **डा. डिला संग्रौला**
**सहमहामन्त्री, कांग्रेस**

# २५ बढी नियुक्तिले पर्खिरहेछ सरकार

चैत १२ मा नवनिर्वाचित सांसदहरूले शपथ लिएसँगै नयाँ सरकार गठनको प्रक्रियामा अगाडि बढाउने रास्वपाको तयारी छ। जसले नियुक्ति लगतै २५ बढी संवैधानिक र अन्य नियुक्ति गर्ने अवसर प्राप्त गर्नेछ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ चैत

नयाँ सरकार गठन भएलगत्तै राज्यका महत्वपूर्ण निकायहरूमा नयाँ नियुक्ति हुने भएको छ। प्रधानन्यायाधीश, न्यायाधीश, अन्य संवैधानिक नियुक्तिदेखि राजदूतसम्म छन्।

नयाँ प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अगाडि बढिसकेको छ। सर्वोच्च अदालतका प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत यही चैत १७ बाट अनिवार्य अवकाशमा जाँदैछन्।

त्यसपछि रिक्त हुने पदका लागि न्यायपरिषद्ले नयाँ प्रधानन्यायाधीशका लागि ६ जना न्यायाधीशको नाम संवैधानिक परिषद्समक्ष सिफारिस गरिसकेको छ। जसमा न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, हरि फुँयाल, डा.मनोजकुमार शर्मा, डा. नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको नाम छ। संवैधानिक परिषद्ले यी ६ जनामध्ये एक जनाको नाम सिफारिस गरेपछि उक्त सिफारिसउपर संसदीय सुनवाइ हुन्छ। संसदीय सुनवाइबाट अनुमोदन भएपछि राष्ट्रपतिबाट नियुक्त हुनेछन्।

सर्वोच्च अदालतमै अर्को न्यायाधीश पद रिक्त छ। सर्वोच्च अदालतमा प्रधानन्यायाधीशसहित २० जना न्यायाधीश हुनुपर्नेमा हाल १९ जना मात्रै छन्। यो पदमा पनि नयाँ सरकार आएसँगै संवैधानिक परिषद्बाट नयाँ नियुक्ति प्रक्रिया अगाडि बढ्नेछ।

हाल संवैधानिक परिषद् पनि पूर्ण छैन। प्रधानमन्त्रीको अध्यक्षतामा रहने संवैधानिक परिषद्मा सभामुख, उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष, विपक्षी दलका नेता र प्रधानन्यायाधीश सदस्य रहन्छन्। अहिले राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहाल छन्। सभामुख र उपसभामुख पनि नयाँ सरकारसँगै आउने नयाँ प्रतिनिधिसभाले चयन गर्नेछ।

यसबाहेक नयाँ सरकार गठन भएसँगै अन्य संवैधानिक नियुक्तिमा समेत अवसर प्राप्त गर्नेछ। प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पद रिक्त छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि एक पृष्ठ २ मा

- बिमा प्राधिकरण अध्यक्ष
- राष्ट्र बैंकमा २ डेपुटी गभर्नर
- १० देशमा राजदूत
- सशस्त्रमा ६ डीआईजी
- सशस्त्र प्रहरी प्रमुख
- अख्तियारमा आयुक्त
- निर्वाचन आयुक्त
- प्रमुख निर्वाचन आयुक्त
- सर्वोच्च अदालतमा १ न्यायाधीश
- प्रधानन्यायाधीश

**वैदेशिक रोजगार विशेष**

# खाडीको संकटलाई मलेसियाको भरथेग

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ चैत

ठूलो संख्यामा नेपाली कामदार कार्यरत खाडी मुलुक तथा पश्चिम एसियाली मुलुक युद्धको चपेटामा परेको बेला मलेसियाको वैदेशिक रोजगारमाथि चाप र दबाब बढेको छ। अन्यत्रको वैदेशिक रोजगार संकटमा परेको अवस्थामा मलेसियाको रोजगारी सुरक्षित हुँदा धेरैको ध्यान त्यसतर्फ आकर्षित भएको छ।

नेपाल राष्ट्र बैंकले केही समयअघि गरेको अध्ययनअनुसार कुल वैदेशिक रोजगारमा जाने कामदारमध्ये मलेसिया जानेको संख्या २८.८ प्रतिशत थियो। अर्थात् वैदेशिक रोजगारमा एक सय जना कामदार जाँदा मलेसियामा २९ जना कामदार जाने गरेका थिए।

युद्धका कारण कतार, साउदी अरब, युएई, कुवेत र बहराइन जाने कामदार रोकिएपछि त्यसको विकल्प पनि मलेसिया बन्ने देखिएको छ। मलेसियामा नेपालीहरू म्यानुफ्याक्चरिङ, सेक्युरिटी गार्ड, कृषिलगायतका रोजगारीमा छन्। राष्ट्र बैंकको उक्त पृष्ठ २ मा

# 'विद्रोही' साजिदाको संसद् यात्रा



**संसद्मा नयाँ अनुहार**

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ४ चैत

मुस्लिम समुदायकी छोरी साजिदा सिद्धिकी दाङबाट प्रतिनिधिसभा सदस्यमा प्रतिनिधित्व गर्दै छिन्। उनी नेकपा एमाले दाङबाट संसद्मा एक्ली प्रतिनिधि हुन्। झन्डै डेढ दशकको राजनीतिक यात्राबाट संसद् प्रवेश गदै गरेकी साजिदा प्रस्ट विचार राख्ने निडर नेतृ हुन्। दाङबाटै महासचिव शंकर पोखरेलले पराजय बेहोरे पनि उनी सांसदका रूपमा आज निर्वाचन आयोगबाट प्रमाण बुझ्दै छिन्। प्रत्यक्ष राजनीतिमा आउनुअघि उनी सामाजिक क्षेत्रमा सक्रिय थिइन्।

१२ वर्षको सामाजिक क्षेत्रको सेवाले आफूलाई राजनीतिमा लाग्न प्रेरित गरेको उनी बताउँछिन्। 'काम गर्न छाड्नुहुँदैन, आत्तिनु पनि हुँदैन,' उनले भनिन्, 'काम गऱ्यो भने फल अवश्य पाइन्छ।' सामाजिक न्याय, महिला सशक्तीकरण तथा समुदायको उत्थानका क्षेत्रमा निरन्तर काम गर्दै आएको बताउने सिद्धिकी आफू परिपक्व भएर संसद्मा जान लागेको दाबी गर्छिन्।

सात बहिनी छोरीमध्ये माइली छोरी हुन्, साजिदा। स्कुले जीवनको सुरुआतमा उनी मदरसा पढ्दै थिइन्। ११ वर्षको उमेरमै उनको मनमा बाहिरी शिक्षा पनि लिनुपर्छ भन्ने लाग्यो। भविष्यमा बुर्का खोलेर सामाजिक क्षेत्रमा लाग्ने उनको प्रतिज्ञा थियो। उनको यो कुरा परिवारलाई स्वीकार्य भएन। चार दाजुभाइ पनि मञ्जुर भएनन्।

त्यतिवेला दाङमा शैक्षिक जागरण चलिरहेको थियो। परिवार र समुदायमा विद्रोह गर्दै उनी पनि त्यस्ता कार्यक्रममा सहभागी हुन थालिन्। 'त्यस्तै ११ वर्षको थिएँ होला, मलाई अन्य मानिससरह साधारण शिक्षा लिन, घुलमिल हुन मन लाग्थ्यो,' उनले भनिन्, पृष्ठ २ मा

मौसमसम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं।

- मौसम तथा जलवायुसम्बन्धी सूचना लिने र दिने गरौं,
- मौसम पूर्वानुमानको जानकारी नियमितरूपमा लिऔं,
- प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
- जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं,
- वन संरक्षण र वृक्षारोपणमा सक्रिय सहभागिता जनाऔं,
- ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं,
- वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनौं।

वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# डेंगु नियन्त्रणका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्न निर्देशन

**काठमाडौं/मस–** सरकारले यसवर्ष पनि गर्मीयाम सुरुसँगै डेंगुको उच्च जोखिम भएका स्थानीय तहलाई सचेतना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा.गोकर्णप्रसाद दाहालले डेंगु संक्रक्रमण नियन्त्रण तथा रोकथामका लागि स्थानीय तहलाई सचेतना कार्यक्रम गर्न निर्देशन दिइएको बताए ।

‘सचेतना कार्यक्रमले डेंगु संक्रमण घट्दै गएको पाइएको छ,’ उनले भने, ‘गर्मी सुरुसँगै डेंगु संक्रमण जोखिम रहेका स्थानीय तहलाई सचेतना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिइसकेका छौं ।’



**पाँच गुणाले घट्यो संक्रमण**

महाशाखाका अनुसार अघिल्ला वर्षको तुलनामा गतवर्ष डेंगु संक्रमण पाँच गुणा घटेको पाइएको छ । सन् २०२४ को अनुपातमा सन् २०२५ मा पाँच गुणा डेंगु संक्रमण घटेको छ । सन् २०२४ मा ४१ हजार ८ सय ६५ जनामा डेंगु संक्रमण देखिएको थियो भने सन् २०२५ मा त्यसको करिब पाँच गुणा कम आठ हजार ५ सय ७६ जनामा डेंगु संक्रमण देखिएको थियो ।

शाखा प्रमुख डा.दाहालले सरकारको डेंगु संक्रमणविरुद्ध सञ्चालन गरेको अभियानले गर्दा घटेको बताए ।

‘डेंगु संक्रमण फैलिन नदिनका लागि डेंगु सार्ने लामखुट्टेको लार्भा नष्ट गर्ने अभियानमा सबैका सहयोग भयो,’ उनले भने, ‘जसले गर्दा डेंगु संक्रमण सार्ने लामखुट्टे फैलिन पाएन र डंगु संक्रमण कम भयो ।’

सरकारले प्रत्येक शुक्रबार सरकारी कार्यालयमा डेंगु संक्रमण सार्ने लार्भा खोज र नष्ट गरे अभियान सञ्चालन गरेको थियो । शाखाका प्रमुख डा.दाहालले समुदायको पहलमा नै डेंगु संक्रमण नियन्त्रण तथा रोकथाम गर्न सकिएको बताए । उनले प्रत्येक वर्ष डेंगु संक्रमण कम हुँदै गएको बताए ।

उनका अनुसार सन् २०२३ मा ५२ हजार ७ सय ९० जना, सन् २०२२ मा ५४ हजार ७ सय ८४ जनामा डेंगु संक्रमण देखिएको थियो । यस्तै गत असारदेखि भदौसम्म एक हजार युवा परिचालन गरेर डेंगु सार्ने लामखुट्टे नियन्त्रण र जनस्तरमा सचेतना कार्यक्रम सञ्चालन गरेको थियो । यसवर्ष पनि गर्मीयाम सुरुसँगै डेंगुको उच्च जोखिम भएका स्थानीय तहलाई सचेतना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिइसकेको उनले जानकारी दिए ।

पानी जम्ने सफा ठाउँमा एडिज एजिप्टी र एडिस एल्बोपिक्टस प्रजातिको लामखुट्टेले फुल पार्दछ । ती फूलबाट लार्भा निस्कन्छ । त्यही लार्भा वयस्क भएर मानिसलाई टोकेपछि डेंगु रोग लाग्दछ ।

# हेलिकोप्टर दुर्घटना

## सवार भन्छन्, ‘दुर्घटनालगत्तै चालकले इन्जिन अफ गर्नुभयो ।’



**खोटाङ/मस–** केपिलासगढी गाउँपालिका-२ खार्तम्छास्थित बालाबेंसीमा बुधबार एयर डाइनेस्टी कम्पनीको हेलिकोप्टर दुर्घटना हुँदा ६ जना घाइते भएका छन् । काठमाडौंबाट पाँच यात्रु लिएर बुधबार दिउँसो १२ बजेर २ मिनेट जाँदा खार्तम्छास्थित बालाबेंसी आइपुगेको हेलिकप्टर अवतरणको क्रममा भित्तामा ठोक्किएको थियो ।

चालकसहित ६ जना सवार एयर डाइनेस्टीको नाइन एन-एएफक्यू नम्बरको हेलिकोप्टर दुर्घटना हुँदा त्यसमा सवार ललितपुर निवासी ६५ वर्षीय काजीबहादुर राई घाइते भएका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रकाश बुढाथोकीले जानकारी दिए ।

दुर्घटनामा परेका काजीबहादुरको दाहिने खुट्टा र आँखामा चोट लागेको जनाइएको छ । घाइते काजीबहादुर र चालक सबिन थापालाई एयर डाइनेष्टी कम्पनीकै नाइन-एनएएनए नम्बरको अर्को हेलिकोप्टरबाट १२ः ३५ बजे नै उपचारका लागि काठमाडौं पठाइएको छ । खार्तम्छाका वडाध्यक्ष मिलन राईका अनुसार काजीबहादुरलाई दुर्घटनाग्रस्त हेलिकप्टरले थिचिरहेको अवस्थामा उद्धार गरिएको हो ।

सो हेलिकप्टरमा एक महिनाअघि बेलायतमा निधन भएकी बालाबेँसी निवासी ७७ वर्षीया मनलक्ष्मी राईको शव अन्त्येष्टि गर्न मृतकका आफन्तहरु आएका थिए । मृतकका श्रीमान् ८२ वर्षीय डाकमणि राई, छोरा ५३ वर्षीय बालकुमार राई, छोरी ४७ वर्षीया लक्ष्मी राई, आफन्त ४० वर्षीया समला राई र ललितपुर घर भएका घाइते काजीबहादुर हेलिकोप्टरमा सवार रहेको प्रहरीले जनाएको छ ।

आफन्तका अनुसार मृतक मनलक्ष्मीको शव भने गाडीमार्फत भोलि बिहीबार बालाबेँसी आइपुग्ने व्यवस्था मिलाइएको थियो । हेलिकप्टर दुर्घटनामा परेका आफन्त भने सकुशल रहेको वडाध्यक्ष राईले जानकारी दिए ।

दुर्घटनालगत्तै चालकले इन्जिन अफ गरेपछि थप क्षति हुन नपाएको हेलिकोप्टरमा सवार बालकुमार राईले बताए ।

‘घटना सम्झिँदा सपनाजस्तो लाग्छ । सबैको होस् उडिसकेको थियो । म अगाडिको सिटमा बसेको थिएँ’, उनले भने, ‘यस्तो दुर्घटना हुँदा पनि बाँच्न सकियो । चालकले तत्कालै इन्जिन अफ गर्नुभयो । चलिरहेको इञ्जिन अफ भएपछि थप क्षति हुनबाट जोगियौं ।’

एयर डाइनेष्टी कम्पनीका क्याप्टेन सबिनसँग सात वर्षको कार्यअनुभव र कूल एक हजार १०५ घण्टा हेलिकप्टर उडाएको रेकर्ड रहेको कम्पनीले विज्ञप्तिमार्फत जनाएको छ । उडानका क्रममा कुनै प्राविधिक समस्या आएको हो वा अन्य कारण, त्यसबारे कम्पनीले अहिले केही खुलाएको छैन ।

एयर डाइनेष्टीका प्रवक्ता एवम् वरिष्ठ प्रबन्धक बालकृष्ण पण्डितले जारी गरेको विज्ञप्तिमा घटनाको यथार्थ कारण पत्ता लगाउन सम्बन्धित निकायसँग समन्वय भइरहेको उल्लेख छ । बारीको डिलमा अवतरण गरिएको हेलिकप्टर पुनः उठाएर बारीको बीचमा लैजान खोज्दा पछाडिको भाग पल्टिएर दुर्घटना भएको थियो । दुर्घटनाग्रस्त हेलिकप्टरको पंखा र पुच्छर टुक्रिएको अवस्थामा बारीको कुनामा थुप्रिएको छ । बालाबेँसीमा भएको हेलिकप्टर दुर्घटनाको अनुसन्धान तथा सर्जमिन गर्न अर्को हेलिकप्टरमा काठमाडौंबाट विज्ञ टोली आएर अनुसन्धानपछि फर्किएको स्थानीयले बताएका छन् ।

## तरंगित...

छन् । ‘संविधान र निजामती कर्मचारी ऐन २०४९ले पाँच हजार सदस्य र २० जिल्लामा कार्यसमिति भएको समूहलाई राष्ट्रिय कर्मचारी संगठनको मान्यता दिने प्रावधान राखेका आधारमा संगठनहरू दर्ता भएका हुन् । कुनै पनि दलीय आबद्धता छैन,’ नेपाल निजामती कर्मचारी संगठनका अध्यक्ष रामचन्द्र अधिकारीले भने ।

अर्को संगठन नेपाली निजामती कर्मचारी युनियनका अध्यक्ष उत्तम कटुवाल अहिलेका संगठन दलीय नभएको दाबी गर्छन् । भर्खरै सम्पन्न निर्वाचनमा पहिलेको जस्तो दलीय प्रभाव नदेखिएको उनले बताए ।

यद्यपि २०४७ साल वैशाख ७ गते एक संगठनका रूपमा देखिएको कर्मचारी संगठनमा केही महिनापछि नै दलीय आधारमा नेपाली निजामती कर्मचारी युनियन नामक अर्को संगठन खडा भएको थियो । एमाले र कांग्रेसनिकट रहेर गतिविधि गरेका यी संगठनको लामो दबदबा रहेको थियो । २०६२/६३को जनआन्दोलनपछि खुला राजनीतिमा आएको तत्कालीन नेकपा माओवादीले २०६४ सालमा नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन बनायो । त्यसपछि पनि विभिन्न राजनीतिक दलसँग निकटताका आधारमा एकीकृत सरकारी कर्मचारी संगठन र मधेशी कर्मचारी मञ्चसमेत गठन भए । दलनिकट राजनीति नगर्ने भन्दै स्वतन्त्र राष्ट्रिय सेवक कर्मचारी संगठनसमेत बन्यो । यसरी अहिले ६ वटा निजामती कर्मचारी संगठनहरू गतिविधिमा छन् । यी संगठनले दलका नेतालाई कार्यक्रममा बोलाउने, निर्देशन लिने र विभिन्न वेला दलहरूलाई सघाउ पुग्ने काम गरेको नेताहरू स्विकार्छन् । ‘विगतमा संगठनहरूले केही दलका नेता बोलाउने र केही अराजक बनेकै हो,’ कटुवालले भने ।

औद्योगिक क्षेत्रका श्रमिकले सौदाबाजी गर्ने माध्यमका रूपमा स्थापित ट्रेड युनियन नेपालमा भने अनौठो तरिकाले राज्यकोषबाट तलब लिने निजामती कर्मचारीले पनि प्रयोग गर्दा समस्या आएको बताउँछन्, प्रशासनविद् काशीराज दाहाल । २०७० र २०७४ सालमा गरी दुईपटक प्रशासनिक सुधार आयोगको अध्यक्ष रहेका दाहालका अनुसार, २०४८ सालको आन्दोलनमा सहयोग गरेकै आधारमा राजनीतिक दलहरूले कर्मचारीलाई संघ संगठन गर्ने स्वतन्त्रता मात्र दिएनन्, आ-आफ्ना पक्षका संगठनसमेत बनाए । ‘त्यसबाट प्रशासनिक सेवाको निष्पक्षता तस्थटताको मान्यता धेरै स्थानमा पालना नभएको मात्र होइन, संगठनको आडमा सरुवा-बढुवा आदिमा हस्तक्षेप, प्रभाव र दबाब गर्न थालियो,’ दाहाल भन्छन् ।

आफूले दुवैपटक प्रशासन सुधार आयोगको नेतृत्व गर्दा संगठन दलीय नभई एक मात्र हुनुपर्ने र पेसागत सौदाबाजीको अधिकार मात्र दिन नीतिगत व्यवस्थाको सिफारिस गरेको उनी बताउँछन् ।

रास्वपाले कर्मचारीलाई उनीहरूको विज्ञता भएको क्षेत्रमा न्यून अवधिका लागि मात्र राख्ने गरी ‘स्वायत्त सरुवा बोर्ड’को प्रतिबद्धता पनि जनाएको छ । ‘रास्वपाको वाचापत्र कार्यान्वयन गर्ने हो भने सदनमा अड्किएको निजामती सेवा ऐन जतिसक्दो छिटो पारित गराउनुपर्छ,’ दाहाल भन्छन् । विगतमा प्रतिनिधिसभाबाट पारित भएको निजामती सेवा ऐनमा कर्मचारीको मनोबल बढाउने, दलनिकट संगठनका कारण उत्पन्न समस्या समाधान गर्न सरुवा र बढुवालाई अनुमानयोग्य बनाउने र हालको कार्यसम्पादन मूल्यांकन प्रणालीलाई वैज्ञानिक र व्यवस्थित बनाउने प्रावधान राखिएको उनले बताए ।

कर्मचारी संगठन एउटा मात्रै र त्यो पनि सहायकस्तरका कर्मचारी मात्र सदस्य रहन पाउने व्यवस्था गर्नुपर्ने विज्ञहरूको सुझाव छ । प्रस्तावित ऐनमा विगतमा जस्तो कर्मचारी नेता भएकै कारण काम गर्नु नपर्ने व्यवस्था पनि बन्दै गरको हटाइएको छ । विगतका कर्मचारीसम्बन्धी कानुन र व्यवहारमा समेत गल्ती गर्नेलाई दण्ड र उत्कृष्ट काम गर्नेलाई पुरस्कारको व्यवस्था नभएका कारण पनि समस्या बढेको टिप्पणी हुँदै आएको थियो ।

अघिल्लो प्रतिनिधिसभामा निजामती ऐनसम्बन्धी विधेयक छलफलमा रहँदा कर्मचारीहरूले सांसदमार्फत १५ सयवटा संशोधन हालेका थिए । त्यसलाई नयाँ संसद्ले हेक्का राख्नुपर्ने विज्ञहरू बताउँछन् ।

त्यतिबेला कर्मचारीले चार वर्षमै बढुवा हुनुपर्ने, ६० वर्षे सेवाअवधि हुनुपर्नेलगायत आफ्ना स्वार्थअनुरूपका प्रावधान राख्न लबिङ गरेका थिए । अब राज्यले समग्र प्रशासनको मनोबल बढ्ने, जनताको हित हुने गरी दण्ड र पुरस्कारको व्यवस्था भएको ऐन ल्याउनुपर्ने प्रशासनविद् दाहाल बताउँछन् ।

## कांग्रेसमा...

आफूहरूले विशेष महाधिवेशनलाई अहिलेसम्म स्वीकार नगरेको औपचारिक रूपमै भनिरहेका छन् ।

गगनसँग चुनावमा सहकार्य मात्रै गरेको र विशेष महाधिवेशनलाई आफूहरूले नचिनेको बताउँदै नेता विश्वकर्माले पार्टीमा अहिले दुईजना सभापति रहेको दाबी गरेका छन् । उनी भन्छन्, ‘हामीले विशेष महाधिवेशनलाई स्विकारेका छैनौं । निर्वाचनमा सहकार्य मात्रै गरेका हौं । तर १४औं महाधिवेशनबाट आएको कार्यसमितिले विशेष महाधिवेशनलाई चिन्दैन ।’

आफूहरू नफुटेको तर आधिकारिकता कसको भन्ने मुद्दा अदालतमा विचाराधीन रहेको उनले बताए । ‘मुद्दाको टुंगो नलागेसम्म हामी दुवै पक्षले अस्तित्व स्वीकार गरेको अवस्था छैन । अदालतले जे फैसला गर्छ त्यो स्विकारेर अघि बढ्छौं,’ विश्वकर्माले भनेका छन् ।

विश्वकर्माको यो भनाइले पार्टी पुरानै विवादमा फर्किएको बुझिन्छ । जबकि विशेष महाधिवेशनबाट आएको नेतृत्वले नै वितरण गरेको टिकट लिएर नेताहरू नयाँ जनादेश लिएर आइसकेका छन् । वर्तमान नेतृत्व पक्षधर नेताहरूले भने विशेष महाधिवेशनलाई अस्वीकार गर्दा प्रतिनिधिसभा सदस्यहरू समेत अस्वीकार गर्नुपर्ने दाबी गरेका छन् । पटक-पटक मन्त्री भइसकेका नेताले यस्तो नीच तर्क गरेर पार्टीमा थप विभाजन ल्याउन खोज्नु अनौठो भएको कांग्रेसका प्रवक्ता देवराज चालिसेले बताए ।

निर्वाचनअघि जबरजस्त एकढिक्का देखिए पनि कांग्रेसका नेताहरू एक-अर्का समूहका उम्मेदवार हराउन भित्रभित्रै लागेको आरोप पनि छ । कलहबीच चुनावी मैदानमा जाँदा पार्टी हारको सिकार बन्नुपरेको कतिपयको बुझाइ छ । निर्वाचन आयोगले बदनियत राखेर अन्तिम समयमा गगन थापा नेतृत्वको कार्यसमितिलाई आधिकारिकता दिएकाकाले देउवाले चुनावमा भोट नमागेको नेता विश्वकर्माले बताए ।

नवनिर्वाचित नेतृत्वले पनि पुरानै नेतृत्व लिएर जनतामा जाँदा भोट घट्ने भन्दै देउवाको अनुहार लिएर मतदातामाझ जान नसकिने बताएको थियो । त्यसकारण पनि पूर्वसभापति देउवा र उनीनिकटका नेताहरू कांग्रेसलाई भोट माग्न नगएको नेताहरूको तर्क छ ।

कांग्रेसले शुक्रबारका लागि केन्द्रीय कार्यसमिति बैठक बोलाएको छ । कार्यवाहक मुख्य सचिव कृष्णप्रसाद दुलालले सूचना जारी गरेर निर्वाचनको समीक्षा गर्न बैठक राखिएको जानकारी दिएका छन् । पार्टीको चुनावी समीक्षापछि अन्तर्घात गर्ने नेताहरूमाथि कारबाहीको डन्डा चलाउने कांग्रेसको तयारी छ ।

चुनाव हारेपछि वर्तमान सभापति थापा भने खासै बोलेका छैनन् । पार्टीको नेतृत्वबाट राजीनामा दिने भनेका उनी उपसभापति विश्वप्रकाश शर्मालगायत नेताहरूको सल्लाहबमोजिम राजीनामाबाट पछि हटेका छन् ।

विशेष महाधिवेशनबाट आएको नेतृत्वको जिम्मेवारी नियमित महाधिवेशन गराउने भएकाले त्यसतर्फ पार्टी अघि बढ्ने सहमहामन्त्री डा. डिला संग्रौलाले बताइन् । केही दिनमै चुनावी समीक्षा गरेर नयाँ शिराबाट अघि बढ्ने उल्लेख गर्दै उनी भन्छिन्, ‘हाम्रो जिम्मेवारी भनेको नियमित महाधिवेशन हो, चुनावी समीक्षापश्चात् नियमित महाधिवेशनतर्फ लाग्छौं ।’

भ्रातृ संगठनहरू समेत परिचालन नभएकाले ती संगठनको औचित्यमाथि समेत पार्टीले प्रश्न उठाएको छ । यद्यपि तत्काल भ्रातृसंगठन खारेज भने गरिहाल्ने अवस्था छैन । पार्टीलाई पुनर्जीवित बनाउन सबै तहका संघ-संगठनलाई नयाँ स्वरूपमा लैजाने विषयमा छलफल भइरहेको नेताहरूले बताएका छन् ।

‘कांग्रेस पराजयको कारण पत्ता लगाउन देशैभरका जिल्ला नेतृत्व र प्रदेश नेतृत्वलाई पत्रचार गरिसकेका छौं,’ संग्रौलाले मध्यान्हसँग भनिन्, ‘सबै जिल्ला सभापति र उम्मेदवारको प्रतिवेदन आइसकेपछि सूक्ष्म समीक्षा गरेर पार्टीलाई फेरि पुनर्संगठित गर्न देशभर नयाँ कार्यक्रम र नीति लिएर जानेछौं ।’

पार्टीले चुनावअघि मतदातामाझ लगेको ‘भिजन-१०’लाई कसरी कार्यान्वयन गर्ने, संसद्मा जिम्मेवार र सशक्त प्रतिपक्षको भूमिकामा कसरी प्रस्तुत हुनेलगायत विषयमा समेत कांग्रेसले बहस सुरु गरेको छ ।

## २५ बढी...

आयुक्तको पद रिक्त छ । अख्तियारका आयुक्त किशोर सिलवाल ६५ वर्षे उमेरहदका कारण गत मंसिरमै अवकाशमा गएका थिए ।

नयाँ सरकार आएसँगै सशस्त्र प्रहरी प्रमुख र सशस्त्रमा ६ नायब महानिरीक्षक (डीआईजी) पनि आउनेछन् ।

डीआईजीहरू कुमार न्यौपाने, कमल गिरी, कुलबहादुर नेम्बाङ र शम्भु सुवेदी अवकाशमान गएका छन् । थप दुई वटा दरबन्दी नयाँ स्वीकृत भएको छ । यी पदमा बढुवा भइसकेको छैन ।

सशस्त्र प्रहरी महानिरीक्षक (आईजीपी) राजु अर्याल नै अवकाश हुँदैछन् । आईजीपीको चार वर्षे कार्यकाल पूरा गरेर अर्याल आगामी वैशाख १८ गते अवकाशमा गएपछि नयाँ नेतृत्व आउनेछ । नयाँ सरकार आएसँगै नेपाल राष्ट्र बैंकमा दुई जना डेपुटी गभर्नर आउनेछन् ।

नीलम ढुंगाना तिम्सिना र बमबहादुर मिश्र पाँचवर्षे कार्यकाल सकिएपछि अनिवार्य अवकाशमा गएपछि उक्त पद रिक्त छ ।

बिमाप्राधिकरणको अध्यक्ष पद पनि खाली छ ।

विभिन्न देशका राजदूतहरू पनि नियुक्त गर्नुपर्नेछ । सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले विभिन्न १० देशका राजदूतलाई फिर्ता बोलाएको थियो । तर, सर्वोच्च अदालतले रोक्यो । त्यसपछि सरकारले उनीहरूलाई परराष्ट्र मन्त्रालयमा हाजिर गराएर राखेको छ । त्यसमध्ये ७ जनाले राजीनामा दिएका छन् । ३ जनाले भने हाजीर गरेर तलब लिइरहेका छन् । यो सहित सरकारले अन्य देशका राजदूतलाई समेत फिर्ता बोलाएर नयाँ नियुक्त गर्न सक्नेछ ।

## खाडीको...

अध्ययनको समयमा सञ्चालनमा रहेकामध्ये करिब ६८.५ प्रतिशत म्यानपावर कम्पनीले मलेसिया कामदार पठाउने गरेका थिए ।

नेपालीमात्रै नभएर खाडी मुलुकमा कामदार पठाउँदै आएका भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका, फिलिपिन्स, भियतनामलगायतबाट पनि कामदार मलेसिया जाने गरेका छन् । ती देशबाट जाने कामदार नेपाली कामदारका प्रमुख प्रतिस्पर्धी मानिन्छन् । ती मुलुकहरूले पनि मलेसियामा श्रम बजार खोज्दा मलेसियाको रोजगारी महँगो हुने र अनुचित प्रतिस्पर्धाले नेपाली कामदारको लागत बढ्ने कतिपयको विश्लेषण छ । मलेसियाले भने कुल श्रम जनशक्तिको १५ प्रतिशतमा नबढ्ने गरी विदेशी कामदार श्रम बजारमा लगाउने नीति लिएको छ ।

न्यूनतम मासिक पारिश्रमिक बढेको र मलेसियाको अर्थतन्त्रले प्रगति गर्दा अमेरिकी डलरको तुलनामा मलेसियाको मुद्रा रिंगेट बलियो बनेका कारण पनि मलेसिया पछिल्ला महिनामा स्वाभाविक रूपले आकर्षक गन्तव्यका रूपमा रहेको थियो ।

यसैबीच मलेसियाले विदेशी कामदार कोटा आवेदनका लागि निर्धारण गरिएको ३१ मार्च २०२६ को अन्तिम मिति खारेज गरेको घोषणा गरेको छ । यसअघि निर्धारण गरिएको अन्तिम मिति खारेज भएपछि रोजगारदाताहरूले सरकारको प्रचलित नीति र आवश्यकताको अधिनमा रहेर कुनै निश्चित समयसीमा बिना आवेदन पेस गर्न सक्छन् । ६ मार्च २०२६ मा जारी गरिएको पछिल्लो सूचनाले विदेशी कामदार भर्ना प्रक्रियामा रहेको समयसीमाको दबाब हटाएको छ ।

## विद्रोही...

‘मन रोक्न सकिनँ, सभा-जुलसमा म पुगिहाल्थेँ ।’ सानै उमेरमा एउटी मुस्लिम छोरीको यस्तो सक्रियता देखेपछि उनलाई जिल्ला स्तरमा खोजी हुन थाल्यो । अधिकारसम्बन्धी कार्यक्रम, गोष्ठी र सभामा उनले भाषण गर्ने अवसर पाउँदै गइन् । त्यसले उनलाई सामाजिक क्षेत्रमा स्थापित गरायो ।

**आफ्नै समुदायबाट बहिष्कार**

उनी सामाजिक क्षेत्रमा सक्रिय हुन थालेपछि परिवार मात्रै होइन पूरै समुदायले उनलाई बहिष्कार गर्न थाल्यो । तर, विचलित भइनन्, झनै सक्रिय हुँदै गइन् । ‘चार वर्षसम्म परिवार र समुदायले बहिष्कार गऱ्यो,’ उनले विगत सम्झिँदै भनिन्, ‘मुस्लिम समुदायमा हुने कुनै क्रियाकलापमा सहभागी गराइँदैनथ्यो ।’ तर पनि लक्ष्य नछाडेको उनी बताउँछिन् । ‘म सानैबाट बोल्न डराउँथिदिनथेँ,’ उनले भनिन्, ‘सभा, कार्यक्रममा जानी-नजानी भए पनि बोल्न छाड्दिनथेँ, तर परिवार र समुदायलाई पच्दैनथ्यो ।’

सामाजिक क्षेत्रमा पहिचान बनाउन थालेपछि विस्तारै समुदायले स्विकार्न थालेको उनी बताउँछिन् । सिद्धिकीले सामाजिक सेवा र संगठन निर्माणबाट आफ्नो पहिचान स्थापित गरेपछि बल्ल मुस्लिम समुदायले उनलाई स्विकारेको थियो ।

**आरोपितबाट ‘आइडल’**

सिद्धिकीको मन अझै पनि यो आरोपले पोलिरहन्छ । मुस्लिम समुदायकी छोरी उनी आमछोरी सरह जिउन चाहन्थिन् । तर, उनले गरेको विद्रोहकै कारण दाङमा अन्य मुस्लिम समुदायकी छोरीहरूले पनि मदरसाबाहेकको शिक्षा हासिल गर्ने अवसर पाए । ‘सामाजिक मूल्य-मान्यताबारे नै उहाँहरूलाई थाहा थिएन,’ उनले भनिन्, ‘मैले आमशिक्षाको कुरा उठाउँदा उहाँहरू मदरसा मात्रै भए पुग्छ जस्तो गर्नुहुन्थ्यो ।’

पहिले बाहिरी शिक्षाले छोरी मान्छे बिग्रिन्छन् भन्ने समाजले आज सिद्धिकीजस्तै बन्नुपर्छ भन्न थालेका छन् । उनी समुदायकै आइडल बनेकी छिन् । साजिदाले हाल नेपाल मुस्लिम इत्तेहाद संगठनको केन्द्रीय उपाध्यक्षका रूपमा दोस्रो कार्यकालका लागि जिम्मेवारी सम्हालिरहेकी छिन् ।

**राजनीतिक यात्रा**

सामाजिक क्षेत्रमा सक्रिय हुँदाहुँदै उनी नेकपा एमालेको नजरमा परिन् । राजनीतिक अभियानका क्रममा उनी गाउँ-गाउँ पुगेर कार्यकर्ता परिचालन, मतदाता भेटघाट तथा चुनावी प्रचारप्रसारमा सक्रिय सहभागी हुँदै गइन् । सिद्धिकीले दाङ जिल्लाको विकास, सामाजिक न्याय तथा पछाडि परेका समुदायको आवाज उठाउँथिन् । झन्डै डेढ दशकको राजनीतिक यात्रामा उनले मुस्लिम समुदाय मात्रै होइन, आमनागरिकको हकहितको पक्षमा काम गर्दै आएकी छिन् ।

उनले संसद्मा आमनागरिकको मौलिक हकलाई मुख्य एजेन्डा बनाउने सोच बनाएकी छिन् । ‘मानव अधिकार, दिगो विकास र आमनागरिकको अधिकार कार्यान्वयन गराउन भूमिका खेल्नेछु,’ उनले भनिन्, ‘त्यससँगै जातजातिको सवाल, धर्म र पिछडिएका वर्गका निम्ति काम गर्ने योजना छ ।’

साथै दाङको शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास तथा रोजगारीका अवसर सिर्जनाका विषयलाई पनि प्राथमिकताका साथ उठाउने उनको योजना छ । स्नातक तहको पढाइ सकेकी उनले आफू सामाजिक क्षेत्रकै विषयमा पिएचडी गर्ने योजनामा रहेको बताइन् ।

**Kedarsyun Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Deura, Bajhang**
**SudurPashchim Province, Nepal**

**Invitation Bids for Construction of Project**

**Date of publication:- 2082/12/05 (19 Mar 2026)**

1. Kedarsyun Rural Municipality Office, DeuraBajhang has invited electronic bids on 2082/12/05 from Nepalese eligible bidders for the procurement of following works under National Competitive bidding process.

| Contract No. | Description of Work | Estimated Amount without (VAT & Contingencies) | Bid Document fee NRs. | Bid Security NRS | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| KRM/NCB/Work-16/2082/083 | Construction of Kadachour Bhamchour Drinking water ward 7 | 27,25,246.72 | 3000.00 | 77,000.00 | 2083/01/6 (2026-04-19) |
| KRM/NCB/Work-15/2082/083 | Construction Of Samarkada, Gurena, Bahuradi Drinking Water ward 5 | 23,45,956.45 | 3000.00 | 66,300.00 | 2083/01/6 (2026-04-19) |

2. The Bidders must submit their bid electronically through e-procurement section of PPMOs website http://www.bolpatra.gov.np/egp, the Bidder shall be required to deposite the non-refundable fee in the form of case deposite certificate in the Revenue Office code no: ………. Office Account no: 07501400250009 of Kedarsyun Rural Municipality Aanatrik Rajashow Khata Nepal Investment Bank,Jhota Branch and electronic scanned copy (pdfformate) of the Bank deposite voucher shall also be submitted along with electronic bid files.
3. Bid shall be accompanied by a bid security of an amount as shown in the above table. If bidder wishes to submit the Bid Security in the form of case, the case should be deposited in the following address or a bid bond issued by a bank approved by Nepal Rastra Bank valid beyond a month (30days) from bid validity period and submit the original receipt of the deposited amount of case along with the bid.
   Information to deposite Bid Security in Bank:
   Name of The Bank : Nepal Investment Bank, JhotaBajhang.
   Name of Office : Kedarsyun Rural Municipality Dharuti Khata
   Deposite Account No. : 07501400250153
4. For more information about bidding process and bid documents, please visit http://www.bolpatra.gov.np/egp,

**CAO**
**Kedarsyun Rural Municipality**

# रविले दिए 'राइट टु रिकल'को चेतावनी

**काठमाडौं/मस–** पुराना राजनीतिक शक्तिलाई पछार्दै ऐतिहासिक जित हासिल गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा नयाँ सरकार गठनका निम्ति संस्थागत गृहकार्य सुरु भइसकेको छैन। चुनावअघि नै प्रधानमन्त्रीका उम्मेदवार बनाइएका वरिष्ठ नेता बालेन पार्टीका औपचारिक बैठकमा देखिएका छैनन्।

पार्टी बैठक होस् वा रास्वपा सांसद्का लागि दिइएको दुईदिने अभिमुखीकरण, सभापति रवि लामिछाने र नेता बालेन एकै ठाउँ देखिएनन्। तैपनि, उनीहरूबीच नयाँ सरकार गठनको गृहकार्य भइरहेको आमअनुमान थियो। बालेननिकट भिटेन पौडेलले त्यस्तै सन्देश सामाजिक सञ्जालमा राखेका थिए। तर, वरिष्ठ नेता बालेनले त्यसलाई खण्डित गर्दै प्रतिक्रिया दिए।

नयाँ सरकारबारे आमचासो बढिरहेका बेला सभापति लामिछानेले गुटबन्दी र राइट टु रिकलबारे दिएको अभिव्यक्तिले केही आशंका जन्माएको छ। पार्टीको विधानमा रहेको राइट टु रिकल सम्झाउँदै अभिमुखीकरण समापनमा उनले भने, 'दुई तिहाइ बहुमत होस् वा नहोस्, बहुमत होस् नहोस्, पार्टीले 'राइट टु रिकल' को व्यवस्था कडाइका साथ लागू गर्नेछ।' स्वतन्त्रता र अनुशासनबीचको सन्तुलन कायम गर्नुपर्ने उनको भनाइ छ। 'स्वतन्त्रता प्रयोग गर्न पाइन्छ, तर अनुशासनभित्र रहेर' लामिछानेले भने। अभिमुखीकरण समापनमा उनले गुटबन्दीलाई महत्वका साथ उठाए। उनले गुट बनाएर एमाले र कांग्रेसलाई जित्न नसक्ने टिप्पणी गरे। 'पुराना राजनीतिक दललाई नेपाली जनताले




३५ वर्ष कुरे। तपाईं हामीलाई ३६ महिना वा ३६ दिन पनि कुर्न तयार छैनन्। यो कुरा निर्धक्क हुनुहोला,' सभापति लामिछानेले भने, 'अब तपाईंहरूको दौड स्वार्थ समूहको घर-घरमा होइन। गुट बनाएर कांग्रेस र एमालेलाई जित्न सकिँदैन, साथीहरू। कुनै गुट बनाउन सकिँदैन। घन्टीमुनि सबै अटाउन सक्छौँ। घन्टीमा त्यतिधेरै तागत छ।'

रविले आफ्नो पोजिसन के हुन्छ? म कहाँ हुन्छु? पार्टीमा मेरो हैसियत के हुन्छ? संसद्, सरकारमा मेरो हैसियत के हुन्छ? जस्ता 'म' केन्द्रित राजनीतिबाट बाहिर निस्किन सकिएन पुराना राजनीतिक दलहरूको भन्दा पनि कमजोर अवस्था हुने पनि बताएका छन्। 'हामी मिल्न सकेनौं भने स्वार्थको बन्दी बन्यौं बल्ल समस्या पर्ने हो। जिम्मेवार पदमा पुगेर पनि पुरानै शैलीबाट चल्छु भन्नुभयो भने बाहिरिन सक्नुहुन्छ,' उनले भने, यो देशको परिस्थिति यस्तो छ कि सरकार बनेको बेलुकाबाटै एउटा समूह सरकार ढाल्न सक्रिय रहन्छ। हामीलाई फुटाउने, गिराउने, गलत गराउनेहरूको बिगबिगी छ। हामी जोगिनुपर्छ।'

मन्त्रिपरिषद्मा कसलाई पठाउने पार्टीले अहिलेसम्म निर्णय नगरेको टिप्पणी गर्दै मन्त्री बन्न मिडिया ट्रायलमा नलाग्न पनि उनले आग्रह गरे। लामिछानेले भने, 'तपाईंको र मेरो मन्त्री-प्रधानमन्त्री बन्ने सपनाको भारी यो देशले, यो समाजले बोक्दैन। मेरो सपनाको भारी बोक्नका लागि यो समाज बाध्य छैन।'

**'इतिहास तपाईंले लेख्नुभयो, भविष्य हामी बनाउँछौं'**

लामिछानेले पुराना दल र नेताले देशलाई यहाँसम्म ल्याएको र अब आफ्नो दलले अगाडि बढाउने बताए। उनले पुराना दल र नेताको त्याग-तपस्यालाई अपमानित गर्ने हक कसैलाई नभएको उल्लेख गर्दै उनीहरुलाई धन्यवाद पनि दिए।

'इतिहास रच्नेमा एउटा नेता, एउटा पार्टीको हात हुँदैन। इतिहासको कालखण्डदेखि यहाँसम्म विभिन्न पुराना राजनीतिक दल र नेताहरूले त्याग र तपस्या गरेर आज हामीलाई यो दिन ल्याउनु भएको छ,' सभापति लामिछानेले भने, 'उहाँहरूका कयौं बेथितिप्रति हाम्रो असहमति हो। इतिहासमा उहाँहरूले दिएको योगदानलाई नजदरअन्दाज गर्ने, अपमानित गर्ने हक हामी कसैलाई छैन।'

उनले पुराना नेताहरुको योगदानको स्मरण गर्दै लामिछानेले भने, 'इतिहास तपाईले लेख्नु भयो, भविष्य हामी बनाउँछौं।'

चुनाव जितेपछि आफ्ना समर्थकहरुले विपक्षी दलप्रति गरेका कटाक्ष रोक्न उनले आग्रह गरे। रास्वपाका कसैको अभिव्यक्तिमा कुनै पनि दल वा विपक्षीप्रति कटाक्ष हुन गयो भने त्यो अनर्थ हुने उल्लेख गर्दै विजयको उन्मादमा समर्थकहरुले सामाजिक सञ्जालमा दिएको अभिव्यक्ति स्वीकार्य नभएको टिप्पणी पनि गरेका छन्। 'विजेता हुनुको अर्थ जिम्मेवार हुनु हो, छाडा हुनु होइन्। कटाक्ष गर्ने अधिकार प्राप्त गर्नु होइन्। त्यो लोकतन्त्रको चरित्र होइन्' सभापति लामिछानेले भने, 'हामीमाथि धेरै आरोप लागेको छ। रास्वपाका समर्थक अराजक छन्, असहिष्णु छन्। सामाजिक सञ्जालमा व्यक्तिगत गालीगलौजमा उत्रिन्छन्। छुनै हुन्न, बोल्नै हुन्न, गाली गर्छन्। त्यस किसिमको छविबाट अब बाहिर निस्कनुपर्छ।'

# राष्ट्रपति पौडेलद्वारा घोडेजात्रा अवलोकन

**काठमाडौं/मस–** राष्ट्रपति रामचन्द्र पौडेलले घोडेजात्रा २०८२ का अवसरमा नेपाली सेनाद्वारा सैनिक मञ्च टुँडिखेलमा आयोजित विशेष समारोहको अवलोकन गरेका छन्। सो अवसरमा नेपाली सेनाको टुकडीले उहाँको सम्मानमा सलामी अर्पण गरेको थियो।

समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री सुशीला कार्की, राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाल, मन्त्रिगण, यहाँस्थित कूटनीतिक नियोगका प्रमुख एवम् प्रतिनिधिलगायत उच्च पदस्थ अधिकारी सहभागी थिए।

त्यसअवसरमा राष्ट्रपति पौडेलले नेपाली सेनाद्वारा प्रदर्शन गरिएको अश्वकलाको अवलोकन गर्नुभयो। समारोहमा घोडा दौड, घोडा जम्प, चार्जर घोडा दौड, घोडाको ऐतिहासिक प्रयोग, घोडचढीबाट हमला, फायर जम्पलगायत विभिन्न रोचक कला प्रदर्शन गरिएका थिए।

घोडाले गर्ने सामान ओसारपसार, यात्राको साधन, कृषि, शिकार, लडाइँ, उत्सव, खेलका झलक पनि कार्यक्रममा देखाइएका थिए। त्यस अवसरमा कुकुरबाट पनि विभिन्न कला प्रदर्शन गराइएका थिए। प्रदर्शनमा उत्कृष्ट हुनेलाई राष्ट्रपति पौडेलले पुरस्कार प्रदान गरेका थिए।

प्रत्येक वर्ष चैत्र कृष्ण औंसी तिथिमा काठमाडौं उपत्यकामा परम्परागत घोडेजात्रा पर्व विविध



कार्यक्रमसहित मनाउने गरिन्छ। किंवदन्तीअनुसार टुँडिखेलको पूर्व-दक्षिण दिशामा रहेको एउटा रूखमा बास गर्ने गुरुमापा भन्ने राक्षसले सहरका बालबालिकालाई खाने गरेकाले पीडित स्थानीयवासीले विभिन्न उपायले त्यसलाई संहार गरे पनि उसको प्रेतात्मा फेरि जागा भई बालबालिकालाई अनिष्ट गर्नसक्ने भय तिनमा रहिरह्यो। यसै कारण प्रत्येक वर्ष चैत्र कृष्ण औंसीका दिन घोडेजात्रा गरी गुरुमापाको आत्मालाई घोडाको टापले कुल्चाएर दबाउने गरिएको हो।

साथै सहरका कुनै पनि बालबालिकामाथि खतरा नहोस् भनी बुधबारराति त्यही रूखको फेदमा गुरुमापालाई खानेकुरा पनि दिइन्छ। बुधबारकै दिन ललितपुरमा पनि एउटा कानो घोडा दौडाएर घोडेजात्रा मनाउने परम्परा रहेको जनाइएको छ।

**एउटा घोडा दौडाएर मनाइयो परम्परागत घोडेजात्रा**

घोडेजात्राको अवसरमा ललितपुरको बालकुमारीमा परम्परागत रूपमा एउटा घोडा दौडाएर घोडेजात्रा मनाइएको छ। पाटन दरबार क्षेत्रको (मूलचोक)देखि बालकुमारीसम्म घोडा लगेर ३ पटकसम्म बालकुमारी मन्दिर परिक्रमा गरी स्थानीयले जात्रा मनाएका हुन्। पाटन दरबार स्क्वायरको मूलचोकबाट सुरु भएको जात्रा ओल्खु, नेउत, लोहलँ, भोल गणेश हुँदै बालकुमारीसम्म पुर्‍याएको हो। ललितपुरमा मनाइने यो घोडेजात्रा उपत्यकाका अन्य स्थानभन्दा फरक मानिन्छ। काठमाडौंमा जस्तै धेरै घोडा प्रयोग नगरी यहाँ एउटा मात्र घोडा कुदाउने परम्परा छ, जसलाई 'एकल घोडेजात्रा' भनिन्छ। यस वर्ष भने स्थानीय गुठीका रमेश महर्जनले घोड सवार गरेका हुन्।

# राप्रपाभित्र नाम, चिह्न र नेतृत्व पुनरवलोकनको प्रस्ताव

**काठमाडौं/मस–** राष्ट्रिय प्रजातन्त्र पार्टीभित्र संगठनात्मक पुनर्संरचनासम्बन्धी बहस सुरु भएको छ। पार्टीको नाम, चुनाव चिह्न तथा नेतृत्व संरचनामा परिवर्तन आवश्यक रहेको विषय औपचारिक रूपमा उठाइएको छ।

पार्टीका महामन्त्री शरदराज पाठकले संगठनलाई प्रभावकारी राष्ट्रिय शक्तिका रूपमा विकास गर्न व्यापक पुनरवलोकन अपरिहार्य रहेको बताएका छन्। उनका



अनुसार विश्वासिलो, प्रभावकारी र रूपान्तरणमुखी राजनीतिक शक्तिका रूपमा स्थापित हुन पार्टीको नामदेखि चुनाव चिह्न तथा केन्द्रदेखि तल्लो तहसम्मको नेतृत्व संरचनासम्म पुनर्संरचना आवश्यक छ।

हाल पार्टीको चुनाव चिह्न 'हलो' रहेको र अध्यक्षको जिम्मेवारी राजेन्द्र लिङ्देनले सम्हालिरहेका छन्। पाठकले विद्यमान संरचनाले अपेक्षित परिणाम दिन नसकेको संकेत गर्दै संगठनात्मक सुधारलाई प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गरे। उनका अनुसार पार्टीका मूल मुद्दाहरूमा भन्दा कार्यशैली र चिन्तन प्रणालीमा समस्या देखिएको छ। यथास्थितिमा अगाडि बढेमा आगामी स्थानीय तथा प्रदेश निर्वाचनका लागि प्रभावकारी र प्रतिस्पर्धी उम्मेदवार छनोट गर्न कठिन हुने जोखिम उनले औंल्याएका छन्। हालसम्मको प्रतिनिधिसभा निर्वाचन परिणामतर्फ संकेत गर्दै उनले प्रत्यक्षतर्फ ज्ञानेन्द्र शाही मात्र निर्वाचित भएको अवस्थाले संगठनात्मक सुदृढीकरणको आवश्यकता थप स्पष्ट पारेको बताए।

# नागरिकको अपेक्षाअनुरूप जिम्मेवारी बहन गर्न निर्देशन

**काठमाडौं/मस–** प्रहरी महानिरीक्षक दान बहादुर कार्कीले सबै प्रहरी कर्मचारीहरूले आफ्नो उच्च व्यावसायिकता प्रदर्शन गर्दै थप अनुशासित, निष्ठावान एवम् इमानदार हुनुपर्ने उल्लेख गर्दै उत्कृष्ट व्यवहार, बोली एवम् बचनलाई आत्मसात् गरी नागरिकको अपेक्षा अनुरूप जिम्मेवारी बहन गर्न निर्देशन दिएका छन्।

नेपाल प्रहरी प्रधान कार्यालयबाट भर्चुअल माध्यमद्वारा समसामयिक विषयवस्तुमा बुधबार प्रहरी कर्मचारीहरूलाई निर्देशन सम्बोधनको क्रममा प्रहरी महानिरीक्षक कार्कीले उक्त निर्देशन दिएका हुन्। प्रहरी महानिरीक्षक कार्कीले निर्वाचनलाई शान्तिपूर्ण, भयरहित एवम् निष्पक्ष वातावरणमा सफलतापूर्वक सम्पन्न गराउन सम्पूर्ण प्रहरी कर्मचारीहरूले निर्वाह गरेको भूमिका प्रशंसनीय रहेको उल्लेख गर्दै यसले संगठनको समग्र श्रीवृद्धिमा महत्वपूर्ण योगदान पुगेको बताए।

उनले आ-आफ्नो क्षेत्रमा कुनै



पनि आपराधिक क्रियाकलापका घटनाहरू हुन नदिन सूचना संकलन तथा विश्लेषणलाई प्राथमिकतामा राखि प्रहरी कर्मचारीहरू सदैव तयारी हालतमा रहनुपर्ने बताए। सीमा नाकामा हुनसक्ने आपराधिक गतिविधि, फरार प्रतिवादी पक्राउ, हातहतियार बरामद लगायतमा विशेष सुरक्षा योजना अपनाई कार्यान्वयन गर्न उनले निर्देशन दिए।

कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय कार्य विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक उमा प्रसाद चतुर्बेदी, अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सुशील सिंह राठौर र प्रदेश समन्वय विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक डम्बर बहादुर विकले समेत समसामयिक विषयमा निर्देशन दिएका थिए।

कार्यक्रममा प्रहरी नायव महानिरीक्षक, वरिष्ठ प्रहरी अधिकृतहरू लगायतको उपस्थितिको साथै काठमाडौं उपत्यका प्रहरी कार्यालय, ७ वटै प्रदेश प्रहरी कार्यालयहरू, नेपाल प्रहरी प्रदेश कार्यालयहरू, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयहरू, प्रदेश प्रहरी तालिम केन्द्रहरू, नेपाल प्रहरी विशेष सुरक्षा गण तथा प्रदेश प्रहरी गणहरू, जिल्ला प्रहरी परिसरहरू र जिल्ला प्रहरी कार्यालयहरू एवम् मातहत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरूको भर्चुअल उपस्थिति रहेको थियो।

साथै प्रहरी महानिरीक्षक दान बहादुर कार्कीले हालै काज सरूवा भइ आ-आफ्नो कार्यक्षेत्र जान लाग्नु भएका प्रहरी नायव उपरीक्षक तथा प्रहरी निरीक्षकहरूलाई उत्कृष्ट कार्य सफलताको शुभकामना दिनुका साथै समसामयिक विषयमा निर्देशन समेत दिएका थिए।

## उदयपुरमा बसबाट खस्दा बालकको मृत्यु

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ४ चैत

उदयपुरमा गुडिरहेको बोर्डिङ बसबाट खसेर एक बालकको मृत्यु भएको छ। बेलका नगरपालिका ४ हरीपुर शिसवारीस्थित भित्री सडक खण्डमा जहडाबाट हरिपुरतर्फ जाँदै गरेको को १ ख ३५१६ नं को बेलका बोर्डिङ स्कुलको बसबाट खसेर सोही बोर्डिङमा अध्ययनरत ९ वर्षीय सफल बस्नेतको निधन भएको हो।

घटनाको सूचना प्राप्त हुनासाथ तत्काल इलाका प्रहरी कार्यालय रामपुरठोक्सिलाबाट प्रहरी टोली खटिएर शबको कानूनी प्रकृया पश्चात पोष्टमार्टमको लागि वि.पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान घोपा पठाइएको छ। बस चालक बेलका नगरपालिका ८ सिसौली बस्ने अन्दाजी वर्ष ३४ का प्रेम तामाङलाई नियन्त्रणमा लिइ थप अनुसन्धान भइरहेको छ। त्यसैगरी उदयपुरमा सवारी दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ। उदयपुरगढी गाँउपालिका ६ कटारी चोक स्थित गाईघाटबाट कटारीतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००५ प ८६०० को मोटरसाइकललाई कटारीबाट गाईघाटतर्फ आउँदै गरेको बा ४ ख १४०९ को टिपरले बुधबार ठक्कर दिइ दुर्घटना हुँदा मोटरसाइकल चालक खोटाङ बराहपोखरी गाउँपालिका वडा ५ बस्ने वर्ष अन्दाजी ३० को भुपाल राईको निधन भएको हो। उनलाई गम्भीर अवस्थामा जिल्ला अस्पताल उदयपुरमा लगिएकोमा उपचारका क्रममा निधन भएको प्रहरीले जनाएको छ।

# केन्द्रीय कारागारबाट भागेका एक हजार बढी कैदीबन्दी अझै फरार

**काठमाडौं/मस–** जेनजी आन्दोलनमा केन्द्रीय कारागार सुन्धाराबाट भागेका एक हजार बढी कैदीबन्दी अझै फरार छन्।

केन्द्रीय कारागार कार्यालयका सूचना अधिकारी बैकुण्ठ रेग्मीले जेनजी आन्दोलनका क्रममा भागेका कैदीबन्दीमध्ये एक हजार २ सय हाराहारीमा कैदीबन्दी अझै फरार रहेको जानकारी दिए।

'भदौ २४ गते बिहानसम्म केन्द्रीय कारागारमा तीन हजार ८ सय ८० कैदीबन्दी थिए, जेनजी आन्दोलनका क्रममा तीन हजार ५ सय १७ कैदीबन्दी भागेका थिए। तीमध्ये अधिकाशं कैदीबन्दी फिर्ता भए, हाल एक हजार २ सय




कैदीबन्दी अझै फरार छन्,' उनले भने।

हाल केन्द्रीय कारागारमा तीन हजार ३ सय १३ कैदीबन्दी छन्। जसमध्ये एक हजार ९ सय २० कैदी, एक हजार ४ सय ९३ थुनुवा छन्। केन्द्रीय जेलमा एक हजार ७ सय ४९, भद्र जेलमा एक हजार २ सय ५० र महिला जेलमा ३ सय १४ कैदीबन्दी रहेको सूचना अधिकारी रेग्मीले बताए।

केन्द्रीय कारागारमा जेनजी आन्दोलनका क्रममा सामान्य क्षति भएको थियो। कारागारभित्र रहेका पाँचवटै भवन सुरक्षित भएकाले पुनः कैदीबन्दीलाई फर्काउन सहज भएको कारागार प्रशासनले जनाएको छ।

**साउदीमा रोजगार**
कम्पनी: SAKNAI MAINTENANCE AND CLEANING COMPANY — शहर: RIYADH
पुर्व स्वीकृत मितिः २०८१/०९/१९ — चलानी नं.: ६०२३०७९७ — L.T. No.: 316591 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office And Facilities Cleaning Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३९,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत १२ गते (26 March 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

FAZAL INTERNATIONAL PVT. LTD.
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4581208, 4581209, Fax: 4581210

**कुवेतमा रोजगार**
कम्पनी: MASTER PLAN GENERAL CONT. & CONST. CO. — शहर: KUWAIT
पुर्व स्वीकृत मितिः २०८१/१२/२६ — चलानी नं.: ६०२३५८४६ — L.T. No.: 321716 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Indoor) | 14 | 10 | स. काममा दक्ष | 85 | ४०,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत १२ गते (26 March 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Govt. Lic. No.: 821/066/067
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158 ISO 9001 : 2015

**Kedarsyun Rural Municipality**
**Office of the Rural Municipal Executive**
Deura, Bajhang
SudurPashchim Province, Nepal

**Invitation Of Electronic Bids for Procurement of Works**
**Second Date of publication:- 2082/12/05 ( 2026 Mar 19)**

Kedarsyun Rural Municipality, Office of Rural Municipal Executive, Deura Bajhang invites electronic bids on 2082/12/05 from Nepalese eligible bidders under Sealed Quotation (SQ) Procedures for procurement of Works Mentioned below:

| Contract No. | Description of Work and Location | Estimated Amount without VAT | Bid Document fee NRs. | Bid Security NRS |
|---|---|---|---|---|
| KRM/SQ/Works-12/2082/083 | Construction Of Dudil D-W ward 1 Dudil | 1208387.3 | 1000.00 | 35,200.00 |
| KRM/SQ/Works-13/2082/083 | Construction Of Deura D-W Deura, Bajhang ward 1 | 888560.71 | 1000.00 | 25,200.00 |
| KRM/SQ/Works-14/2082/083 | Construction of Dadagau Tallagau Drinking Water ward 9 | 821561.06 | 1000.00 | 23,300.00 |

Purchase, Submission and Opening:

| Contract Date | | Late Date Of Bid Submission | | Bid Opening | |
|---|---|---|---|---|---|
| Email: kedarasyumun@gmail.com | | Time | Date | Time | Date |
| Contact No.: 9858485003/9858454835 | | 12:00 Noon | 03-04-2026 | 14:00 Noon | 03-04-2026 |
| Bank Name and Address | Office Name | Revenueac Details(Antarik Rajaswa Khata) | | Deposit A/C Details(Dharauti Khata) | |
| | | Account Name | Account Number | Account Name | Account Number |
| Nepal Investement Mega Bank Jhota/ Deura Branch | Office of kedarasyun Rural Municipal Exective, Deura, Bajhang | GA 1.1 KEDARSYUN GAUPAALIKA AANTARIK RAJSHWO KHATA | 07501400250009 | GA 3.1 KEDARSYUN GAUPALIKA DHARAUTI KHATA | 07501400250153 |

- Tender documents shall follow public procurement Act, 2063( Latest Amendment)
- Elifible Bidders may refer complete set of bid Document for futher information at office of Kedarsyun Rural Municipality, Bajhnag of PPMO's website www.bolptra.gov.np/egp and bidders shallhave the option of submitting their bids electronically only
- The Employer reserves the right to accept or reject, wholly or partly any or all Sealed Quotation without assigning any reason whatever.

**Joshipur Rural Municipality**
**Water Sector Governance and Infrastructure Support Project**
**Joshipur Project Implementation Unit**
Joshipur, Kailali

**Letter of Intent (LOI)**

**Date of publication: 19th March, 2026**

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders that, we are going to award following contract to following bidder selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S. N. | Contract ID | Project Name, Location | Substantially Responsive Lowest Evaluated Bidder | Bid Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1. | NP-DWSSM-511281-CW-RFB | Construction of Ghaila Bauniya, Ramnagar, Simrana Water Supply Project in Joshipur Rural Municipality, Kailali. | Bhimeshwor Drilling Tatha Nirman Sewa Pvt. Ltd, Suryabinayak Municipality-04, Amarnagar, Bhaktapur. | 26,85,39,409.98 |

Project Manager

मध्यान्ह
www.madhyanhadaily.com
५ चैत २०८२ बिहीबार
19 March 2026 Thursday

## सम्पादकीय

# पुनर्निर्माणको समय

गत भदौमा जेनजी आन्दोलनसँगै देशभर फैलिएको विध्वंसले ठूलो क्षति पुऱ्यायो । सरकारी तथ्यांकअनुसार त्यसक्रममा ८४ अर्ब ४५ करोडभन्दा धेरै नोक्सानी बेहोर्नुपऱ्यो । यसमध्ये सरकारी संरचनामा करिब ४४ अर्ब ९३ करोड, निजी क्षेत्रमा ३३ अर्ब ५४ करोड र अन्य क्षेत्रमा करिब पाँच अर्ब ९७ करोड क्षति भएको छ । व्यावसायिक प्रतिष्ठानमा सबैभन्दा बढी करिब २७ अर्ब ४९ करोडको भएको छ भने व्यक्तिगत संरचनामा करिब ६ अर्बबराबरको क्षति पुगेको सरकारी आँकडा छ । यो क्षतिको विस्तृत पुनर्निर्माण गर्न सरकारले कार्ययोजना तयार गरेको छ । कार्ययोजनाले तीनै तहका सरकारले आगामी वर्ष र त्यसपछिका दुई वर्षमा आवश्यक बजेट छुट्याउने व्यवस्था गरेको छ । कार्ययोजनाअनुसार पुनर्निर्माणलाई तत्कालीन, मध्यमकालीन र दीर्घकालीन चरणमा विभाजन गरी कार्यान्वयन गर्ने योजना बनाइएको छ । तीनै तहका सरकार, निजी क्षेत्र र गैरसरकारी संस्थासँग समन्वय गरेर दिगो पुनर्निर्माण अघि बढाउने कार्ययोजनामा छ । त्यसैले आउँदा केही वर्ष बजेटको महत्वपूर्ण हिस्सा पुनर्निर्माणमा खर्च हुने देखिन्छ ।

हामीले २०७२ को भूकम्पमा ठूलो क्षति बेहोऱ्यौं । त्यसक्रममा ठूलो भौतिक तथा मानवीय क्षति हुनपुग्यो । राष्ट्रिय पुनर्निर्माण आयोजना बनाएरै भौतिक पूर्वाधार निर्माण तथा मर्मत गरिएको थियो । त्यतिबेला सिंहदरबार पनि पुनर्निर्माण गरिएको थियो । झन्डै एक दशक लगाएर निर्माण गरिएका संरचनाहरू पुनः एकपटक खण्डहरमा परिणत भएका छन् । जेनजी आन्दोलनपछिको यो क्षतिको पुनर्निर्माणले पक्कै केही वर्ष लिनेछ ।

सरकारले सेवाग्राहीमैत्री, मितव्ययी र विपद्प्रतिरोधी पूर्वाधार निर्माणमा जोड दिएको छ । निजी क्षेत्रका लागि कर छुट, बिमा दाबी छिटो भुक्तानी, कर्जा पुनर्संरचना र सहुलियत ऋण उपलब्ध गराउने योजना छ । यसले व्यावसायिक गतिविधि छिटो सुचारु बनाउनेछ । यद्यपि योजना तयार भए पनि कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ । राजस्व संकलन कमजोर, खर्च बढिरहेको र आर्थिक दबाब उच्च छ । वित्तीय अनुशासन, पारदर्शिता र समन्वय सुनिश्चित नगरे पुनर्निर्माण समयमा सम्पन्न हुन कठिनाइ हुनेछ । तथापि, तीनै तहका सरकारले प्राथमिकता दिएर काम गर्दा जेनजी आन्दोलनबाट भएको भौतिक क्षतिको छिटो पुनर्निर्माण हुन सक्छ । त्यसका लागि नयाँ सरकारले पुनर्निर्माणलाई प्राथमिकतामा राख्न जरुरी छ । अब बन्ने नयाँ सरकारको नेतृत्व रास्वपाले गर्दै छ । उसका लागि सुशासनसँगै पुनर्निर्माण पनि मुख्य दायित्व बनेको छ ।

# बढ्दो यौनहिंसा र पुनर्स्थापनाको चिन्ता

*समाजले बलात्कृतलाई अपमान होइन, बलात्कारीलाई अपमान गर्न सक्नुपर्छ । साथै, सामाजिक न्याय निर्माणको अभियानमा राज्य गम्भीर हुनुपर्दछ ।*

अग्रलेख



● झलक शर्मा

मन्जुरीबेगर जबर्जस्ती करणी गर्नु बलात्कार हो । यो यौनहिंसाको डर लाग्दो रूप हो । भय, डर, त्रास, लोभ देखाई महिलामाथि यौन क्रिया गर्नुलाई सामाजिक अपराधको रूपमा बुझिन्छ । यसमाथि नेपालको मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २१९ को उपदफा २मा 'कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा मन्जुरी लिएर भए पनि १८ वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबर्जस्ती करणी गरेको मानिनेछ' भनी उल्लेख गरेको छ । नेपालमा महिलामाथि हुने बलात्कारका घटना दिन-प्रतिदिन बढ्दो छ । नेपाल प्रहरीको पछिल्लो तथ्यांकअनुसार नेपालमा प्रत्येक दिन ६ जना महिला बलात्कृत हुने गरेका छन् ।

सन् २०१२ डिसेम्बर १६मा भारतको दिल्लीमा ज्योति सिंह पाण्डेमाथि यात्राको क्रममा बसका कर्मचारीद्वारा सामूहिक बलात्कार भयो । बलात्कार भएको १३ दिनपछि उनको मृत्यु भयो । यस घटनालाई निर्भया हत्याकाण्डका रूपमा चिनिन्छ । नेपालमा वि.सं २०७५ साल साउन १० गते कञ्चनपुरकी १३ वर्षीया किशोरी निर्मला पन्तको बलात्कार र हत्या प्रकरण अझै अनुसन्धानकै क्रममा छ । सुर्खेतको वीरेन्द्रनगरस्थित सामुदायिक जनजागरण सामुदायिक वनमा १६ वर्षीया किशोरी इनिसा विकले पनि उसैगरी बलात्कारको सिकार भई ज्यान गुमाइन् । पोस्टमार्टमको रिपोर्टमा बलात्कारपछि अत्यधिक रक्तस्रावका कारण उनको मृत्यु भएको देखिएको छ । इनिसा विक हत्या प्रकरणमा दोषीलाई कडा कारबाहीको माग गर्दै मुलुकभर विरोध प्रदर्शन भएका छन् । सँगै, इनिसा मात्रै होइन, २०७८ सालयता कर्णाली प्रदेशमा मात्र आठ सय ८२ वटा जबर्जस्ती करणीका घटना घटेका छन् ।



यतिबेला सडक र सामाजिक सञ्जालमा इनिसा विकको न्यायका लागि प्रदर्शन भइरहेका छन् । सामाजिक अभियन्ताहरू इनिसालाई न्याय दिलाउन मरिमेटेका छन् । यो विरोध सरकारलाई दबाब दिन, इनिसाका बलात्कारी हत्याराहरूको कारबाहीका लागि, पीडित पक्षलाई न्याय दिलाउनका लागि गरिएको मानिन्छ । इनिसा र उनको परिवारले न्याय पाउनुपर्छ र उक्त घटनामा संलग्नलाई कडाभन्दा कडा कारबाहीको दायरामा ल्याउनुपर्छ भन्ने माग आमसर्वसाधारण जनताको छ । इनिसाको बलात्कारपछिको मृत्यु नेपालकै एक घिनलाग्दो, विक्षिप्त घटना हो । यस्ता प्रतिनिधिमूलक घटनाले नेपालमा रहेका हाम्रा महिला दिदीबहिनीहरू कति असुरक्षित छन् भन्ने कुरालाई संकेत गर्दछ ।

सँगै, बलात्कारमा परेका पीडितलाई हेर्ने दृष्टिकोण सकारात्मक बन्न नसक्दा महिलाहरूले आफूमाथि भएको यौन शोषण दबाएर राख्ने गरेको पाइन्छ, जसमा सीमित घटनाहरू मात्र बाहिर आइरहेको कुरा अध्ययनले देखाउँछन् । धेरैजसो महिलाहरू चरम गरिबीका कारण वैदेशिक रोजगारीका लागि खाडी मुलुकहरूमा घरेलु कामदारको रूपमा गई यौन शोषणमा परेका घटनाहरू छन् ।

राज्यले महिलाको सुरक्षा प्रत्याभूत गर्न नसक्नु, उच्च ओहदाका व्यक्तिबाट भएका यौन शोषणहरू कानुनको परिधिमा नपार्नु, कानुनको फितलो कार्यान्वयन र अपराधीलाई नै सजिलो हुनेजस्तो दण्डसजाय कानुनमै हुनु, शिक्षा र चेतनाको अभाव, मोबाइल तथा इन्टरनेटको चरम दुरुपयोगजस्ता कारणले यौन उत्पीडनका घटना बढेको मान्न सकिन्छ । आजभोलि हाम्रो समाजमा नियतवश बलात्कारको आरोप लगाउने प्रवृत्ति पनि बढेको देखिन्छ, यो पनि एक जघन्य अपराध हो ।

बलात्कार नियन्त्रण गर्नका लागि बलात्कार हुने कारणहरू औंल्याई त्यसलाई नियन्त्रण गर्ने विषयहरू अँगाल्नुपर्दछ । सञ्चारमाध्यमका् तर्फबाट बलात्कारका घटनालाई निरुत्साहित गर्न अनिवार्य रूपमा सूचना तथा सन्देश प्रवाह गर्नुपर्छ । शिक्षा र चेतनाको स्तर बढाउने, कानुनको प्रभावकारी प्रयोग गर्ने, रोजगारीका अवसर उपलब्ध गराउने, महिला सशक्तीकरणलाई जोड दिने एवं स्थानीय तहसम्म महिलाको क्षेत्रमा कार्यरत संस्थाको संस्थागत क्षमता मजबुत बनाउन सकियो भने महिलामाथि हुने यौनजन्य हिंसा नियन्त्रण हुनेमा विश्वास गर्न सकिन्छ ।

नेपालमा बलात्कार नियन्त्रण तथा रोकथाम गर्न विभिन्न कानुनहरू बनेका छन्, जसमा मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २१९ को उपदफा ३ अनुसार जबर्जस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी दण्डसजाय हुने गर्दछ । विशेषगरी उमेरगत रूपमा कारबाहीको विषय आकर्षित हुने गर्दछ । सँगै, पत्नी नै भए पनि जबर्जस्ती करण गरेको अवस्थामा पतिलाई कारबाही हुने व्यवस्था छ । त्यसैगरी कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४, लैंगिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली २०६७ जस्ता कानुनहरू अभ्यासमा छन् ।

स्वास्थ्य विज्ञहरूका अनुसार महिलाहरू बलात्कार भएपछि अलग र भावनात्मक शून्यता, डिप्रेसन तथा पारिवारिक संरक्षणको अभावजस्ता समस्याबाट ग्रसित हुन सक्छन् । त्यसैले उनीहरूलाई मनोवैज्ञानिक हेरचाह र सहयोग गर्ने, पर्याप्त सीपमूलक तालिम तथा शैक्षिक कार्यक्रम तथा परामर्श दिने, रोजगारीको प्रबन्ध मिलाउने, समाजमा पीडितको सम्मानयुक्त वातावरण सिर्जना गर्नुपर्दछ । त्यसैगरी पीडितलाई शारीरिक वा मानसिक उपचार गराउने, सामाजिक रूपमा पुनर्स्थापना गर्ने र पारिवारिक पुनर्मिलन गराउने व्यवस्था सरकारले गर्नुपर्दछ । पीडितको गोपनीयता बलियो बनाई सम्बन्धित निकायले कार्यालयमा हुने यौनजन्य दुर्व्यवहारबारे बुझ्ने र पीडितलाई न्याय दिलाउने काम गर्नुपर्छ । दुर्व्यवहार रोकथामका लागि अभियानमूलक कार्यक्रम सञ्चालन गर्न सके यस्ता घटना नियन्त्रण गर्न सहज हुन्छ । महिलामाथि हुने यौनजन्य हिंसा नियन्त्रण गर्न सोधपुछ, उजुरी तथा गुनासो हटलाइन सेवाहरू प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्छ ।

नेपाल सरकारले हिंसाबाट प्रभावित महिला तथा बालबालिकाका लागि सुरक्षागृह तथा पुनर्स्थापना केन्द्र र निःशुल्क कानुनी सहायताको व्यवस्था गरेको छ । नीति एवं कानुनी प्रतिबद्धताअनुरूप कार्यान्वयन पक्ष सुदृढ हुन नसक्दा बलात्कारजस्ता अपराध नियन्त्रणमा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । यौन अपराधले महिलालाई मात्र पीडित बनाउँदैन, यसले समग्र राष्ट्रको छविलाई धमिल्याउने काम गर्दछ । महिलाको शरीरलाई खेलौना तथा मनोरञ्जनको साधनको रूपमा हेर्ने दृष्टिकोण तत्काल त्याग्नुपर्छ । समाजले बलात्कृतलाई अपमान होइन, बलात्कारीलाई अपमान गर्न सक्नुपर्छ । महिलाविरुद्ध हुने यौनजन्य हिंसाको नियन्त्रण गरी सामाजिक न्यायप्रद राज्य निर्माणको अभियानमा राज्य गम्भीर हुनुपर्दछ ।

> *पीडितलाई हेर्ने दृष्टिकोण सकारात्मक बन्न नसक्दा महिलाहरूले आफूमाथि भएको यौन शोषण दबाएर राख्ने गरेको पाइन्छ, जसकारण सीमित घटना मात्र बाहिर आइरहेको कुरा अध्ययनले देखाउँछन् ।*

## इतिहासमा आज

१९ मार्च २००३ मा संयुक्त राज्य अमेरिकाका राष्ट्रपति जर्ज डब्लु. बुशले इराकमाथि आक्रमणको घोषणा गर्दै राष्ट्रलाई सम्बोधन गरेका थिए ।



१९ मार्च २०११ मा मुअम्मर गद्दाफीको सेनाले बेन्गाजी कब्जा गर्न असफल भएपछि फ्रान्सेली वायुसेनाले लिबियामा विदेशी सैन्य हस्तक्षेप सुरु गर्दै अपरेसन हर्म्याटन सुरु गरेको थियो ।



१९ मार्च २०१३ मा इराकभरि बम विष्फोट र गोलीबारीको श्रृंखलामा कम्तिमा ९८ जनाको मृत्यु भएको थियो भने २४० जना घाइते भएका थिए ।



१९ मार्च २०१६ मा रोस्तोभ-अन-डोन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्ने प्रयास गर्दा फ्लाई दुबईको उडान ९८१ दुर्घटनाग्रस्त भएको थियो । जसमा सवार सबै ६२ जनाको मृत्यु भएको थियो ।



# विश्व राजनीति र वैदेशिक रोजगारी

विचार



● विश्वास तिमिल्सिना

> *परिवर्तनशील विश्व राजनीति र अन्तर्राष्ट्रिय श्रम बजारको नयाँ प्रवृत्तिलाई बुझ्दै यदि नेपालले समयमै स्पष्ट नीति र मार्गचित्र तयार गर्न सकियो भने वैदेशिक रोजगार क्षेत्रलाई अझ सुरक्षित, व्यवस्थित र सम्मानजनक बनाउन सकिन्छ ।*

आजको विश्व राजनीति तीव्र रूपमा परिवर्तनको चरणमा रहेको छ, विश्व शक्ति राष्ट्रबीच बढ्दो राजनीतिक प्रतिशोध, आर्थिक पुनर्संरचना, प्रविधिको तीव्र विकास, तथा विश्व बजारको बदलिँदो स्वरूपले गर्दा अन्तर्राष्ट्रिय सम्बन्ध र विश्व अर्थतन्त्रको दिशा नै परिवर्तन गरिरहेको छ । यस्तो परिवर्तनशील परिस्थितिमा श्रम निर्यातमा निर्भर नेपालका लागि वैदेशिक रोजगार क्षेत्रलाई नयाँ सोच र रणनीतिसहित अगाडि बढाउनुपर्ने समय आएको छ । नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारको योगदान अत्यन्त महत्वपूर्ण छ, लाखौं नेपाली युवा आज पनि खाडी मुलुक, मलेसिया, जापान, दक्षिण कोरिया र युरोपका केही देशमा श्रम गरिरहेका छन् । श्रमिकले पठाएको रेमिटेन्सले देशको अर्थतन्त्रलाई चलायमान बनाएको छ । वास्तवमा भन्ने हो भने, नेपालको आर्थिक संरचनामा वैदेशिक रोजगार केवल रोजगारीको अवसर मात्र होइन, राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधार पनि हो ।

तर पछिल्लो समय विश्व राजनीति र आर्थिक संरचनामा आएको परिवर्तनले अन्तर्राष्ट्रिय श्रम बजारलाई पनि नयाँ दिशातर्फ लैजाँदै छ । विगतलाई हेर्ने हो भने जिसिसी मुलुक र मलेसिया नेपाली श्रमिकका लागि गन्तव्य मुलुक मानिन्थ्यो, तर पछिल्लो समयमा शक्ति राष्ट्रबीचको ध्रुवीकरण र धेरै विकसित राष्ट्रमा युवा जनशक्तिको अभावका कारण नेपाली श्रमिकका लागि नयाँ ढोकाहरू खुलेका छन् । यसले गर्दा जापान, दक्षिण कोरिया, युरोपका रोमानिया, पोल्यान्ड, क्रोएसियालगायत देशले विदेशी श्रमिकलाई आकर्षित गर्ने खालका नयाँ कार्यक्रम ल्याइरहेका छन् । अझ भनौं, आफ्नो अर्थतन्त्र चलायमान बनाउन दक्षिण एसियाली श्रमिकहरूलाई प्राथमिकता दिन थालेका छन् । यसैगरी, जापान तथा दक्षिण कोरियाले आफ्नो जनसांख्यिकीय आवश्यकताअनुसार नेपालसँगको श्रम सम्बन्ध सुधार गर्दै लगेको पाइन्छ ।

अर्कोतर्फ, खाडी मुलुकहरूले पनि आफ्नो अर्थतन्त्रलाई विविधीकरण गर्दै श्रम बजारको स्वरूप परिवर्तन गर्न खोजिरहेका छन् । यस्तो अवस्थामा नेपालले आफ्नो वैदेशिक रोजगार नीतिलाई पुरानै ढाँचामा सीमित राख्नु उपयुक्त नहुन सक्छ । नयाँ सत्ता संरचना र नीति निर्माताहरूले वैदेशिक रोजगारलाई केवल श्रम निर्यातको विषयका रूपमा होइन, कूटनीतिक, आर्थिक र मानव सूचकांक विकासको दीर्घकालीन रणनीतिका रूपमा हेर्न आवश्यक छ ।

हाल पछिल्लो समय मध्यपूर्व क्षेत्रमा देखिएको युद्ध र राजनीतिक तनावले त्यहाँ कार्यरत लाखौं विदेशी श्रमिकहरूलाई अनिश्चितताको अवस्थामा पुऱ्याएको मात्र छैन, धेरै विदेशी कामदार हताहातसमेत भएका छन् । खाडी क्षेत्र नेपाली श्रमिकको प्रमुख श्रम गन्तव्य भएका कारण यस्ता युद्धको प्रत्यक्ष प्रभाव नेपाली श्रमिकमाथि पनि पर्ने सम्भावना रहन्छ । मध्यपूर्वमा राजनीतिक तनाव बढ्दा सबैभन्दा पहिले असर पर्ने क्षेत्र भनेकै निर्माण, सेवा र औद्योगिक क्षेत्र हुन्, जहाँ ठूलो संख्यामा विदेशी श्रमिकहरू कार्यरत छन् । युद्धको जोखिम बढेमा परियोजना रोकिन सक्छन्, कम्पनीहरू बन्द हुन सक्छन् र श्रमिकहरूको रोजगारी असुरक्षित बन्न सक्छ । यस्तो अवस्थामा धेरै श्रमिकले तलब नपाउने, काम गुमाउने वा आकस्मिक रूपमा स्वदेश फर्कनुपर्ने परिस्थिति पनि सिर्जना हुन सक्छ । परिवर्तनशील विश्व भूराजनीति र वैदेशिक रोजगार एक-अर्कासँग अभिन्न रूपमा जोडिएका छन्, विशेषगरी नेपालजस्तो रेमिटेन्समा भर पर्नुपर्ने देशका लागि विश्व भूराजनीतिमा आउने सामान्य हलचलले पनि ठूलो असर पार्ने देखिन्छ ।

यसबाहेक युद्ध वा क्षेत्रीय तनावले श्रमिकहरूको सुरक्षा, बसोवास र आवागमनमा समेत समस्या ल्याउन सक्छ । आपत्कालीन अवस्था सिर्जना भएमा श्रमिकहरूको उद्धार, स्थानान्तरण तथा कानुनी सुरक्षाका विषयहरू जटिल बन्न सक्छन् । रुस-युक्रेन युद्ध, इजरायल, इराक तथा खाडी युद्धले धेरै देशको आर्थिक वृद्धिदर रोकिएको मात्र नभई श्रमिकको तलब तथा सुविधा पनि रोकिएको, केही श्रमिकहरू अनिच्छित रूपमा सैन्य गतिविधिमा लागेको पनि पाइएको छ । त्यसैगरी हाल ठूलो ऊर्जा संकट पनि सुरु भएको छ । त्यसैले, नेपाल सरकारले यस्ता सम्भावित जोखिमलाई ध्यानमा राखेर वैदेशिक रोजगार नीतिमा संकट व्यवस्थापनको स्पष्ट योजना समावेश गर्न आवश्यक छ । यस्तो चुनौतीपूर्ण विश्व परिवेशमा नेपालको नयाँ सत्तासंरचनाले वैदेशिक रोजगार क्षेत्रलाई दीर्घकालीन दृष्टिकोणसहित व्यवस्थित गर्ने स्पष्ट मार्गचित्र तयार गर्नुपर्ने पहिलो जिम्मेवारी रहन्छ । वैदेशिक रोजगार केवल आर्थिक मुद्दा मात्र नभई परराष्ट्र नीतिको मुख्य अंग बनाउनुपर्ने देखिन्छ ।

नेपालका लागि वैदेशिक रोजगार केवल अस्थायी समाधान होइन, राष्ट्रिय विकास रणनीतिको महत्वपूर्ण आधार हो । परिवर्तनशील विश्व राजनीति र अन्तर्राष्ट्रिय श्रम बजारको नयाँ प्रवृत्तिलाई बुझ्दै यदि नेपालले समयमै स्पष्ट नीति र मार्गचित्र तयार गर्न सक्यो भने वैदेशिक रोजगार क्षेत्रलाई अझ सुरक्षित, व्यवस्थित र सम्मानजनक बनाउन सकिन्छ । नयाँ सत्ता र नीतिनिर्माताहरूले वैदेशिक रोजगारलाई केवल आर्थिक विकल्पको रूपमा मात्र होइन, राष्ट्रिय समृद्धि, मानव विकास र अन्तर्राष्ट्रिय सहकार्यको दीर्घकालीन रणनीतिको रूपमा विकास गर्नुपर्ने समय आएको छ । परिवर्तनशील भूराजनीतिले निम्त्याउने जोखिम कम गर्न गन्तव्य विविधीकरण गर्न जरुरी छ ।

## सामाजिक सञ्जाल



रञ्जित तामाङ

नेपाली दूतावास र विदेशको सरकारले 'कारबाहीमा पर्लास् ! नगर है नगर' भन्दाभन्दै हावादारी फोटो/भिडिओ पोस्ट गरेको आरोपमा ६ जना नेपाली पक्राउ परेछन् । गर्नुपर्ने काम नगर्ने, नगर्नु पर्ने काम गर्न हात चिलाइहाल्ने रोग नेपालको देश चलाउने नेता, प्रशासकदेखि खाडीमा काम गर्नेसम्म कसरी फैलियो ?



ध्रुवहरि अधिकारी

कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सबैतिर बेथिति र अनियमितता झाँगिएको बिसौं वर्ष भयो । समस्या सामान्य प्रक्रिया वा नीतिबाट सुल्झिने स्थिति छैन । शल्यक्रिया आवश्यक छ । पुनर्गठन र पुनर्नियुक्तिको बाटो समात्नु पर्छ । प्रतिभाशाली जनशक्ति परिचालन गर्न आँट र अठोट चाहिन्छ ।



चन्द्र भण्डारी

अहिलेसम्म नेपालका अधिकांश राजनीतिक पार्टीहरू दुई चरम अवस्थाबाट गुज्रिरहेका देखिन्छन् । जितेपछि संयम गुमाएर मातिने, हारेपछि आत्म समीक्षा नगरी आरोप-प्रत्यारोपमै सीमित हुने । दुवै प्रवृत्ति लोकतन्त्रका लागि घातक हुन् । अब विगतलाई दोहोरिन दिनु हुँदैन ।



डम्बर खतिवडा

कांग्रेस-कम्युनिस्ट मित्रहरू ! तपाईंहरू नागरिक भावना, असन्तुष्टिलाई बेवास्ता गरी जसरी एकोहोरो 'एक्का ट्रायल'भन्दै अमेरिकालाई दोष लगाई रहनु भएको छ, भविष्य तपाईंहरूका लागि झन् प्रत्युत्पादक हुन सक्छ । आन्तरिक कारण प्रमुख थियो भन्ने स्वीकार गर्नुस्, ओली-देउवा प्रवृत्तिबाट मुक्ति खोज्नुस् ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । – सं.

रौतहट प्रहरीको मासिक प्रतिवेदन

# फागुनमा १ सय ६० उजुरी, १ सय १ फछ्र्यौंट

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ४ चैत

जिल्ला प्रहरी कार्यालय रौतहटले पछिल्लो एक महिनाको कार्य प्रगति विवरण सार्वजनिक गरेको छ । जिल्ला प्रहरी कार्यालय रौतहटको तथ्यांक अनुसार फागुन महिनामा मात्रै विभिन्न प्रकृतिका ८२ वटा मुद्दा दर्ता भएका छन्, जसमा सबैभन्दा धेरै आत्महत्यासम्बन्धी ३२ वटा रहेका छन् ।

प्रहरी विवरणअनुसार सो अवधिमा ज्यानसम्बन्धी ९, संगठित तथा आर्थिक अपराध १०, सामाजिक अपराध १२, सवारी ज्यान ४, महिला तथा बालबालिका सम्बन्धी ३, कर्तव्य ज्यान १, बैंकिङ कसुर ७ तथा अन्य १२ मुद्दा दर्ता भएका छन् । यस अवधिमा कुल १ सय ६० वटा उजुरी परेका मध्ये १ सय १ वटा फछ्र्यौंट भइसकेका छन् भने बाँकी ५९ वटा अनुसन्धानकै क्रममा रहेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक सीताराम रिजालका अनुसार आत्महत्या न्यूनीकरणतर्फ प्रहरीले सक्रियता देखाउँदै आत्महत्याको प्रयास गरिरहेका ३४ जनालाई समयमै उद्धार गरी ज्यान जोगाउन सफल भएको छ । त्यस्तै, जिल्लाका विभिन्न स्थानमा भएका १३ वटा आगलागीका घटनाबाट करिब १ करोड १३ लाख रुपैयाँ बराबरको क्षति भएको छ । ती घटनामा ३ जना घाइते भएका थिए भने १ सय ४ जनाको सुरक्षित उद्धार गरिएको प्रहरीले जनाएको छ ।




फागुन महिनामा गौर नगरपालिका-६ सबगढामा भएको साम्प्रदायिक विवाद पनि सुरक्षाका हिसाबले चुनौतीपूर्ण बनेको प्रहरीले उल्लेख गरेको छ । उक्त घटनामा २४ जना घाइते भएका थिए भने ५ वटा सवारीसाधन र ३ वटा घरमा क्षति पुगेको थियो । स्थिति नियन्त्रणमा लिन प्रहरीले १ सय ५३ राउन्ड अश्रुग्यास र ३७ राउन्ड हवाई फायर गर्नुपरेको एसपी रिजालले जानकारी दिए ।

यस अवधिमा लागूऔषध नियन्त्रण अभियानअन्तर्गत २ सय ४० ग्राम खैरो हिरोइनसहित ४ जनालाई पक्राउ गरिएको छ । साथै, अवैध काठ ओसारपसार नियन्त्रण गर्ने क्रममा ५० क्युफिट खयरको काठसहित सवारीसाधन नियन्त्रणमा लिई करिब १ लाख ५० हजार रुपैयाँ राजस्व संकलन गरिएको छ । हुन्डी कारोबारमा संलग्न एक व्यक्तिविरुद्ध सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा दर्ता गरी अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत जिल्लाभर ७० वटा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएका छन्, जसबाट एक हजारभन्दा बढी नागरिक लाभान्वित भएका छन् । विद्यालय केन्द्रित कार्यक्रममा साइबर अपराध, लागूऔषध दुरुपयोग तथा आत्महत्या न्यूनीकरणका विषयमा ३ सय २४ विद्यार्थीलाई प्रशिक्षण दिइएको छ ।

यसैबीच, फागुन महिनामा ८७ वटा सवारी दुर्घटना हुँदा ७ जनाको मृत्यु भएको छ भने १ सय ५७ जना घाइते भएका छन् । प्रहरीका अनुसार सात हजारभन्दा बढी मोबाइल, पैदल तथा ग्रामीण गस्ती सञ्चालन गरिएको छ । हराएका तथा चोरी भएका ४ वटा मोबाइल फेला पारेर सम्बन्धित धनीलाई बुझाइएको छ ।

प्रहरी उपरीक्षक रिजालले जिल्लाको शान्ति सुरक्षालाई अझ सुदृढ बनाउँदै नागरिकमैत्री सेवा प्रवाहलाई प्राथमिकता दिने बताउँदै आगामी दिनमा स्थानीय तह र नागरिकसँगको सहकार्य थप मजबुत बनाइने प्रतिबद्धता व्यक्त गरे ।

# प्रदीप मगरसहित तीन पत्रकार सम्मानित

**सल्यान/मस-** सल्यानको शारदा नगरपालिका-५ तलो मार्केमा रहेको श्री जनकल्याण प्राथमिक विद्यालयले तीन जना पत्रकारलाई सम्मान गरेको छ ।



विद्यालयले प्रवेशद्वार (गेट) तथा सरस्वती मन्दिर उद्घाटन तथा सम्मान कार्यक्रमको अवसरमा पत्रकारिता क्षेत्रको माध्यामबाट सहयोगी दाताहरूमार्फत खाद्यान्न तथा नगद सहायता जुटाउन समाचार र सूचनामार्फत महत्वपूर्ण भूमिका खेलेका रेडियो शारदामा कार्यरत पत्रकार प्रदीप मगर, रेडियो राप्तीमा कार्यरत बुद्धि पुन र अमृत बुढाथोकीलाई कदरपत्रसहित सम्मान गरिएको हो ।

विद्यालयद्वारा बुधबार आयोजित कार्यक्रममा शारदा नगरपालिकाका नगर प्रमुख प्रकाश भण्डारीले उनीहरुलाई सम्मान प्रदान गरे ।

उनीहरूले विभिन्न दातालाई जोड्दै छात्रावासमा बस्ने बालबालिकाको दैनिक आवश्यकता पूरा गर्न निरन्तर पहल गर्दै आएका थिए । विद्यालयका अनुसार सोही सहयोगबाट विद्यालयको मुख्य प्रवेशद्वार तथा सरस्वती मन्दिर निर्माणमा समेत उल्लेखनीय टेवा पुगेको छ । जिल्लामै पहिलोपटक विद्यालयमै छात्रावाससहित शिक्षा सेवा सञ्चालन भइरहेको यस विद्यालयमा हाल ३१ जना असहाय बालबालिका बसोबास गर्दै अध्ययन गरिरहेका छन्। यसले टाढाका तथा आर्थिक रूपमा कमजोर परिवारका बालबालिकालाइ समेत शिक्षाको पहुँच दिलाएको विद्यालयले जनाएको छ ।

एक समय बन्द हुने अवस्थामा पुगेको विद्यालय अहिले भने विस्तारै पुनर्जीवित हुँदै गएको छ । हाल नियमित रूपमा अध्ययन गर्ने विद्यार्थी संख्या बढेर ९३ पुगेको छ, जुन विद्यालयका लागि सकारात्मक संकेत मानिएको छ।

कार्यक्रममा बोल्दै सहायक प्रधानाध्यापक कृष्ण ओलीले सहयोग गर्ने सम्पूर्ण दाता, पत्रकार, सामाजिक व्यक्तित्व तथा सहयोगी हातहरूप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तर साथ सहयोगको अपेक्षा राखे । विद्यालयले प्राप्त गरेको सहयोगले विद्यार्थीहरूको मनोबल उच्च बनाउनुका साथै शिक्षाप्रति आशा, आत्मविश्वास र उज्ज्वल भविष्यप्रतिको विश्वास बढाएको जनाएको छ ।

# रुकुम पश्चिम कारागारका कैदीको मृत्यु

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ४ चैत

रुकुम पश्चिमको कारागारमा रहेका एक कैदीको मृत्यु भएको छ । रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका वडा नम्बर १० का ५९ वर्षीय मनबहादुर बुढाको उपचारको क्रममा जिल्ला अस्पताल रुकुम पश्चिममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।




कर्तव्य ज्यान मुद्दामा सजाय भुक्तान गरिरहेका बुढा आज राति साढे १ बजेतिर बेहोस भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी हरिप्रसाद पुनले जानकारी दिए । त्यसपछि उपचारका लागि जिल्ला अस्पताल सल्ले लगिएकोमा चिकित्सकले बिहान ५ बजेतिर मृत घोषणा गरेको उनले बताए । बुढालाई प्रेसरको समस्या रहेको प्रहरी निरीक्षक पुनको भनाइ छ । त्यस्तै बुढामा श्वासप्रश्वासका साथै मधुमेहको पनि समस्या रहेको बताइएको छ ।

# संखुवासभाबाट सुत्केरीको हवाई उद्धार

**संखुवासभा/मस-** मकालु गाउँपालिका-१ की एक सुत्केरीलाई हेलिकप्टरमार्फत उद्धार गरिएको छ। सुत्केरी व्यथा लागेकी २८ वर्षीया सरु राईलाई जिल्ला अस्पताल संखुवासभामा शल्यक्रियामार्फत प्रसूति गराइएकामा स्वास्थ्य अवस्थामा जटिलता देखिएपछि हेलिकप्टरमार्फत उद्धार गरी थप उपचारका लागि काठमाडौं पठाइएको हो ।



प्रसूति गराइसकेपछि पनि अत्यधिक रक्तस्राव भएपछि उनको अवस्था नाजुक बनेको र थप विशेषज्ञ उपचारका लागि काठमाडौं लैजाने अवस्था हुँदा हेलिकप्टरमार्फत उद्धार गरी काठमाडौंस्थित परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल पठाइएको जिल्ला अस्पतालका चिकित्सक डा प्रदीप श्रीवालले जानकारी दिए । राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको समन्वयमा उद्दार गरिएको हो । प्रमुख जिल्ला अधिकारी सिर्जना थपलियाले दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा पहुँच सीमित रहेकाले यस्ता आकस्मिक अवस्थामा हवाई उद्धार प्रभावकारी बनेको बताए ।

एउटै सपना, एउटै सफलता

# दुई दाजुभाइको प्रेरणादायी यात्रा

**सूर्यप्रसाद भुसाल**
अर्घाखाँची, ४ चैत

कहिलेकाहीँ सफलता व्यक्तिगत उपलब्धिमा मात्र सीमित हुँदैन, त्यो परिवार, समाज र सम्पूर्ण पुस्ताका लागि प्रेरणाको स्रोत बन्छ ।

कपिलवस्तु जिल्लाको बुद्धभूमि नगरपालिका-४ का प्रदीप खनाल र प्रमोद खनालको कथा त्यस्तै उदाहरण बन्न पुगेको छ, जहाँ मेहनत, अनुशासन र लक्ष्यप्रतिको प्रतिबद्धताले इतिहास नै रचेको स्थानीयबासीको भनाइ छ । एउटै परिवारका दुई दाजुभाइले एकैसाथ लोकसेवा आयोगको प्रतिस्पर्धात्मक परीक्षामा सफलता हासिल गर्दै नेपाल सरकारको उपसचिव पदमा नाम निकाल्नु केवल व्यक्तिगत जीत होइन, यो एउटा दुर्लभ र प्रेरणादायी उपलब्धि हो ।



कपिलवस्तुका दामोदर खनाल र पुर्णा खनालका यी दुई छोराले देखाएको समर्पणले प्रमाणित गर्छ, 'सपना देख्ने मात्र होइन, त्यसलाई पूरा गर्न निरन्तर प्रयास गर्नुपर्छ ।'

तर उनीहरूको यात्रा यहाँ मात्रै रोकिएन । आफूले हासिल गरेको ज्ञान र अनुभवलाई अरूसम्म पुऱ्याउने उद्देश्यले उनीहरूले संयुक्त रूपमा 'दृष्टिकोण शाखा अधिकृत' नामक पुस्तक लेखन तथा सम्पादन गरी अहिले बजारमा पुस्तकले मार्केट लिएको छ ।

लोकसेवा आयोगको पाठ्यक्रममा आधारित यो पुस्तक शाखा अधिकृत (लिखित) परीक्षाको तयारी गरिरहेका विद्यार्थीहरूका लागि मार्गदर्शक बन्ने विश्वास गरिएको पुस्तक लेखक प्रमोद खनालले बताए ।

पुस्तकको विशेषता यसको सरलता र स्पष्टतामा छ । विषयवस्तुको गहिरो तर सहज व्याख्या, अवधारणात्मक प्रस्तुति, परीक्षा केन्द्रित रणनीति, क्र्यास कोर्स सामग्री र अभ्यासका लागि प्रश्न सेटहरू यसमा समावेश गरिएका छन् । द्वितीय, तृतीय र चतुर्थ पत्र समेटिएको यो पुस्तकले तयारीकर्ताहरूलाई व्यवस्थित र प्रभावकारी ढंगले अध्ययन गर्न मद्दत गर्नेछ । नेटवर्क एजुकेसन एकेडेमीको शैक्षिक सहयोग र एक्सिलेन्स पब्लिकेशन्स प्रालिले प्रकाशनमा ल्याएको यस कृतिले केवल परीक्षा तयारीलाई सहज बनाउने मात्र होइन, सफलता कसरी सम्भव छ भन्ने सन्देश पनि दिएको पुस्तकका जानकार बताउँछन् ।

प्रदीप र प्रमोदको यात्रा नेपाली युवाहरुका लागि एउटा सन्देश हो, सफलता संयोग होइन, यो निरन्तर प्रयास, सही दिशानिर्देश र आत्मविश्वासको परिणाम हो । उनीहरूले देखाएको बाटो पछ्याउँदै नयाँ पुस्ताले पनि आफ्ना सपनाहरू साकार पार्न सक्छन् ।

यो कथा केवल दुई दाजुभाइको होइन, यो सम्भावनाको कथा हो । एउटा यस्तो प्रेरणा, जसले भन्छ, यदि लक्ष्य स्पष्ट छ र मेहनत सच्चा छ भने, सफलता टाढा हुँदैन । प्रमोद खनाल अहिले सन्धिखर्क नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्यरत छन् भने प्रदीप सामान्य प्रशासन मन्त्रालयको उपसचिव छन् ।

# काठमाडौं महानगरले क्यान्सरको निःशुल्क परीक्षण गर्ने

**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकाले महिलाको स्तन र पाठेघरको मुखको क्यान्सरको यही चैत १६ देखि निःशुल्क परीक्षण गराउन र प्रारम्भिक उपचारका लागि वीर अस्पतालसँग सम्झौता गरेको छ ।



कामपाकी कार्यवाहक प्रमुख सुनिता डङ्गोल र प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंको रोहबरमा स्वास्थ्य विभागका प्रमुख दीपककुमार केसी र अस्पतालका निर्देशक प्राडा दिलीप शर्माकाबीच सम्झौता भएको हो ।

त्यस अवसरमा कार्यवाहक प्रमुख डङ्गोलले कार्यालयमा काम गर्ने, गृहिणी तथा अन्य विभिन्न पेसा व्यवसायमा काम गर्ने महिलालाई परीक्षण गराउन सहज पर्ने समय तालिका मिलाउन र धेरै समय कुर्न नपर्ने व्यवस्थापन गर्न निर्देशन दिइन्। 'सेवा सरल, सहज र पहुँच योग्य बनाउनु होला । अपाङ्गता भएका महिलाका लागि विशेष व्यवस्था गर्नुहोला । कामु प्रमुख डंगोलले भनिन्, 'क्यान्सरबाट बच्ने उपायमध्ये नियमित परीक्षण गराउन एउटा विधि हो । यसका विषयमा भएका भ्रम र असजिला पक्षका विषयमा पर्याप्त जानकारी प्रवाह गर्नुहोला ।'

त्यस क्रममा अस्पतालका निर्देशक प्राडा शर्माले गएको वर्षको सिकाइबाट यस वर्ष कार्यक्रमलाई थप प्रभावकारी बनाउने योजना गरिएको बताए । 'उच्चस्तरीय सेवा प्रदान गर्न हामी प्रयास गर्नेछौं, प्राडा शर्माले भने, 'मलाई लक्षण देखिएकै छैन, किन परीक्षण गराउनु भन्ने मानसिकताले अवस्था बिग्रिने गरेको छ । बिग्रिएको यो अवस्था सुधार गर्न लक्षण नभए पनि परीक्षण गराउनुपर्छ ।'

स्वास्थ्य विभागका प्रमुख केसीका अनुसार ३० वर्षदेखि ६० वर्ष उमेर समूहका महिला, गएको वर्ष गरिएको परीक्षणका क्रममा छुट भएका महिला र गएको वर्ष परीक्षण गर्दा पोजेटिभ देखिएका महिला परीक्षण र प्रारम्भिक उपचारको लक्षित समूह छन् । परीक्षण चैत यही १६ गतेदेखि सुरु हुनेछ । हरेक दिन १ सय जनादेखि १ सय २० जनासम्मको परीक्षण गर्नेगरी योजना कार्यान्वयन कामपाको छ । कार्यक्रमका स्थानीय स्रोत व्यक्ति चन्द्रा भट्टका अनुसार परीक्षणमा जानुअघि आफू नजिकैको स्वास्थ्य प्रवर्द्धन केन्द्रमा विवरण टिपाउनुपर्छ । विवरण टिपाएपछि केन्द्रबाट रेफरल स्लिप प्राप्त हुन्छ । स्लिपमा उल्लेख भएको मिति र समयमा अस्पताल जानुपर्छ । प्रारम्भिक जाँचका क्रममा शंकालागेमा अल्ट्रासाउन्ड गरिन्छ । मेमोग्राफीका लागि पठाइन्छ । पाठेघरको मुखको क्यान्सर परीक्षणमा एचपिभी डिएनए पिसिआर (ह्युमन प्यापोलिमा भाइरस) परीक्षण हुन्छ ।


**काठ दाउरा लिलाम बिक्री सम्बन्धि सूचना**

**(दोश्रो पटक प्रकाशित मिति २०८२/१२/०५ गते)**

यस सामुदायिक वन उपभोक्ता समूहले स्विकृत वन कार्ययोजना अनुसार आ.व. ०८२/०८३ मा सामुदायिक वनको पुनरुत्पादन कटान क्षेत्रमा कटान सहमति भएका रुखहरू कटान गरी उत्पादन भएका उपभोक्ता भित्र बिक्री नभई घाटगद्दीमा रहेका विभिन्न जातको गोलिया थान ३९३ को २६९८.८१ क्यू.फिट काठ र दाउरा ३.७५ चट्टालाई (कायम गरिएको १ वटा मात्र लट) हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मितिदेखि १५ दिन भित्र कार्यालय समयभित्र बोलपत्र खरीद गरी १६ औं दिन दिउसको ३:०० बजे भित्र दाखिला गर्न हुन र विस्तृत जानकारीको लागि यस समूहको कार्यालय तथा जिल्ला स्थित अन्य कार्यालयमा टाँस भएको सूचना हेर्नु हुन अनुरोध छ ।

**तिरतिरे महिला सामुदायिक वन उपभोक्ता समूह**
**शितगंगा न.पा. वडा नं. १०, अर्घाखाँची**



**मालपोत कार्यालय बरहथवा, सर्लाही**

**हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**प्रकाशित मितिः- २०८२/१२/०५**

यसमा हामी निवेदकहरुका आमा कालीमाया पुर्वछानेको मिति २०८२/०६/१० मा र बुबा देव बहादुर पुर्वछानेको मिति २०५७/१०/०५ गतेमा आ-आफ्नै कालगतिबाट मृत्यु भएको हुनाले निज मृत्तक दाम्पत्य परिवारको शेषपछिको हकखाने हकदारहरूमा जेठो छोरा निर बहादुर पुर्वछाने मगर-१, माइलो छोरा विर बहादुर पुर्वछाने-१, साइलो छोरा हेम बहादुर पुर्वछाने मगर-१, काइलो छोरा भरत बहादुर पुर्वछाने मगर र कान्छो छोरा उमेश बहादुर पुर्वछाने मगर-१ गरी जम्मा ५ जना भएकोमा निज मृत्त दाम्पत्य परिवारको माइलो छोरा विर बहादुर पुर्वछाने र काइलो छोरा भरत बहादुर पुर्वछाने मगरको क्रमश : मिति २०७१/०५/०४ गते र मिति २०७५/१०/२५ गतेमा आ-आफ्नो कालगतिले मृत्यु भएको हुनाले निज मृत्तक विर बहादुर पुर्वछानेको शेषपछिको हकखाने हकदार निजको एकमात्र पत्नी मनु देवी वेपत्ता भएको हो र निजको तर्फबाट एकमात्र छोरी अनिता कुमारी भएको त्यसैगरी मृत्तक भरत बहादुर पुर्वछाने मगरको पत्नी रोमा देवी पनि वेपत्ता भएकोले निजको शेषपछि हकखाने हकदारमा एकमात्र छोरा कृष्ण बहादुर पुर्वछाने मगर समेत गरी जम्मा जीवित कानुनी हकदारहरू ५ जना रहेकोले मृत्तक ज.ध. कालीमाया पुर्वछानेको नाममा दर्ता कायम रहेको जिल्ला सर्लाही गा.वि.स. हजरिया वडा नं. ८ख कि.नं. १११६ क्षेत्रफल ०-२-११ को जग्गा मृत्तक जग्गाधनीको शेषपछिको कानुनी हकदार निर बहादुर पूर्वछाने मगर, होम बहादुर पूर्वछाने मगर, कृष्ण बहादुर पूर्वछाने मगर, अनिता कुमारी र उमेश बहादुर पूर्वछाने मगरको नाममा संयुक्त नामसारी गरी पाउँ भन्ने समेत व्यहोरा खुलाई निवेदकहरू निर बहादुर पूर्वछाने मगर समेतले द.नं. २९२५ मिति २०८२/११/११ को निवेदनबाट माग दावी गरेको देखिंदा यसमा उल्लेखित जग्गा सरकारी वा सार्वजनिक प्रकृतिको वा अरु कसैको हकहिस्सा/स्वामित्वको नरहेको वा निवेदकहरूको नाममा नामसारी गर्न नमिल्ने कुनै कारण भए वा वेपत्तेहरूको हकखाने निवेदकहरु बाहेक अरु कोही भए वा मागदावीको जग्गा निवेदहरूको नाममा संयुक्त नामसारी गरी जग्गाधनी प्रमाणपुर्जा दिँदा अरु कोही कसैको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना प्रकासित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र यस कार्यालयमा स.प्रमाण दावी उजुर गर्न आउनु होला/सूचना गर्नुहोला । तोकिएको म्याद भित्र कसैको दावी विरोध नपरे निवेदकको माग दावीलाई स्वीकार गरेको मानी प्रचलित कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ ।

**ईति सम्वत २०८२ साल चैत्र ४ गते रोज ४ शुभम्** ....................



(कम्पनी ऐन, २०६३ को दफा ५३ का उपदफा (२) संग सम्बन्धित)

**कबुल रकम चुक्ताका लागि शेयरधनीका नाममा जारी सूचना तथा जगेडा शेयर बिक्री खुल्ला गरिएको सम्बन्धि हालका संस्थापक शेयरधनी तथा अन्य सम्पुर्ण इच्छुक महानुभावका लागि जारी गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२ चैत्र ५ गते**

यस कम्पनीका संस्थापक शेयरधनीहरुले आफूले लिन कबुल गरको अंकित मुल्य प्रति शेयर रु. १००/- दरको शेयर वापतले हुन आउने जम्मा रकम मध्ये चुक्ता गर्न बाँकी रकम चुक्ता गर्न हुन र यस कम्पनीले जगेडामा रहेका ४८८००० (चार लाख अठासि हजार) कित्ता संस्थापक शेयर बिक्री खुल्ला गरेकाले इच्छुक शेयरधनीहरु तथा इच्छुक अन्य महानुभावहरुले आफूल लिन चाहेको शेयर संख्या र सो को प्रतिकित्ता मूल्य रु १०० का दरले हुन आउने जम्मा रकम सूचना जारी भएको मितिले ३५ दिन भित्र यस कम्पनीको माछापुच्छ्रे बैंक लिमिटेड, डडेल्धुरा शाखाको खाता नं. ०९३००८६४३५०००११ मा बुझाई त्यसको अर्धकट्टी भौचर कम्पनीको रजिष्टर्ड कार्यालय डडेल्धुरा जिल्ला अमरगढी नगरपालिका वडा नं. १ मौरडामा दाखिला गर्न हुन यस कम्पनीको यहि मिति २०८२ चैत्र १ गतको संचालक समितिको निर्णय बमोजिम अनुरोध गरिन्छ ।

**फार वेस्टर्न एग्रो जाइन्ट लिमिटेड, डडेल्धुरा**
फोन नं.: ०९६५९०८८२, मो.नं.:९७६७४३९५८२, इमेल : farwesteragro@gmail.com



**Kedarsyun Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Deura, Bajhang**
**SudurPashchim Province, Nepal**

**Invitation Bids for Construction of Project**

**Date of publication:- 2082/12/05 (19 Mar 2026)**

1. Kedarsyun Rural Municipality Office, DeuraBajhang has invited electronic bids on 2082/12/05 from Nepalese eligible bidders for the procurement of following works under National Competitive bidding process.

| Contract No. | Description of Work | Estimated Amount without (VAT & Contingencies) | Bid Document fee NRs. | Bid Security NRS | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| KRM/NCB/Work-17/2082/083 | Construction Of Bharadeu Campus Bhadsain ward 6 | 27,93,881.12 | 3,000.00 | 79,000.00 | 2083/01/6 (2026-04-19) |

2.The Bidders must submit their bid electronically through e-procurement section of PPMOs website http://www.bolpatra.gov.np/egp, the Bidder shall be required to deposite the non-refundable fee in the form of case deposite certificate in the Revenue Office code no: ………. Office Account no: 07501400250009 of Kedarsyun Rural Municipality Aanatrik Rajashow Khata Nepal Investment Bank,Jhota Branch and electronic scanned copy (pdfformate) of the Bank deposite voucher shall also be submitted along with electronic bid files.
3. Bid shall be accompanied by a bid security of an amount as shown in the above table. If bidder wishes to submit the Bid Security in the form of case, the case should be deposited in the following address or a bid bond issued by a bank approved by Nepal Rastra Bank valid beyond a month (30days) from bid validity period and submit the original receipt of the deposited amount of case along with the bid.
Information to deposite Bid Security in Bank:
Name of The Bank : Nepal Investment Bank,JhotaBajhang.
Name of Office : Kedarsyun Rural Municipality Dharuti Khata
Deposite Account No. : 07501400250153
4.For more information about bidding process and bid documents, please visit http://www.bolpatra.gov.np/egp,

**CAO**
**Kedarsyun Rural Municipality**

# रोमान्टिक विजय र वर्षा



**काठमाडौं/मस–** गायक रामकृष्ण ढकालको निर्माणमा बनेको फिल्म 'मालती मंगले'को पहिलो गीत 'सुनैको सपनी' सार्वजनिक गरिएको छ। बुधबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको उक्त गीतले फिल्मको प्रेमिल र भावनात्मक पक्षलाई दर्शकसामु प्रस्तुत गर्ने प्रयास गरेको छ।

'सुनैको सपनी' बोलको गीतमा स्वयं रामकृष्ण ढकाल र रचना रिमालको स्वर रहेको छ भने गीतका शब्द आनन्द अधिकारीले लेखेका हुन्। संगीत उज्ज्वल सागरले तयार पारेका हुन् भने एरेन्ज उदयराज पौडेलको रहेको छ।

कथावाचन शैलीमा तयार पारिएको गीतको भिडियोमा फिल्मका मुख्य कलाकार विजय बराल र वर्षा राउतलाई श्रीमान्-श्रीमतीको भूमिकामा देखाइएको छ। भिडियोमा उनीहरूबीचको प्रेम, संघर्ष र समर्पणलाई सूक्ष्म रूपमा प्रस्तुत गरिएको छ, जसले फिल्मको कथावस्तुको झलक दिन्छ। ग्रामीण परिवेशमा आधारित प्रेमकथालाई भावनात्मक ढंगले प्रस्तुत गरिएको यो गीतमा पात्रहरूको सम्बन्ध, सपना र जीवनका उतारचढावलाई दृश्य र शब्दमार्फत प्रभावकारी रूपमा उतारिएको देखिन्छ।

गीत सार्वजनिक कार्यक्रममा बोल्दै निर्माता ढकालले फिल्मको शीर्षकका कारण धेरैले यसलाई राष्ट्रकवि माधवप्रसाद घिमिरेको प्रसिद्ध गीति नाटकसँग जोडेर बुझ्न सक्ने भए पनि फिल्म त्यसमा आधारित नभएको स्पष्ट पारे। उनले 'मालती मंगले' नेपाली समाजकै परिवेशमा आधारित एक मौलिक सामाजिक प्रेमकथा भएको उल्लेख गर्दै यसलाई सांगीतिक प्रेमकथाका रूपमा पनि बुझ्न सकिने बताए।

गीतकार आनन्द अधिकारीले गीतको भावबारे प्रकाश पार्दै गरिबीका बीच पनि साँचो प्रेम कसरी फस्टाउन सक्छ भन्ने विषयलाई केन्द्रमा राखिएको बताए। उनका अनुसार गीत प्रेमको निस्वार्थ भावलाई प्रस्तुत गर्ने उद्देश्यले लेखिएको हो, जहाँ प्रेमलाई कुनै स्वार्थ वा आवश्यकतासँग जोडिएको छैन। गायिका रचना रिमालले भने आफ्नो आवाजमा गीत रेकर्ड गर्न निर्माता ढकालले लामो समय पर्खिएकोप्रति आभार व्यक्त गरिन्। उनले आफूलाई यति लामो समय पर्खिएर अवसर दिइने अपेक्षा नगरेको बताउँदै यसले आफूलाई थप जिम्मेवार बनाएको प्रतिक्रिया दिइन्।

फिल्मका निर्देशक प्रकु पाण्डेयले आफ्नो पहिलो निर्देशकीय प्रयासमा निर्माता ढकालले विश्वास गरेकोमा कृतज्ञता व्यक्त गर्दै सम्पूर्ण टिमको मिहिनेतले उत्कृष्ट पारिवारिक फिल्म तयार भएको दाबी गरे। अभिनेत्री वर्षा राउतले भने ढकालजस्तो स्थापित गायकको निर्माणमा बनेको फिल्ममा काम गर्न पाउनु आफ्नो लागि महत्वपूर्ण अवसर भएको बताइन्। मुख्य अभिनेता विजय बराल भने छायांकनको व्यस्तताका कारण कार्यक्रममा सहभागी हुन नसकेको जानकारी दिइयो।

कार्यकारी निर्माता सागर ज्ञवालीले फिल्मको अवधारणा सुन्नासाथ यसमा लगानी गर्न तयार भएको स्मरण गर्दै परियोजनाप्रति आफ्नो विश्वास प्रकट गरे। फिल्मको कथा निर्देशक पाण्डेय स्वयंले लेखेका हुन् भने पटकथा तथा संवाद संयोग गुरागाईंले तयार पारेका छन्। 'मालती मंगले'मा विजय बराल, वर्षा राउत र मेक्सम गौडेल मुख्य भूमिकामा रहेका छन्। साथै प्रकाश घिमिरे, सरिता गिरी, सुस्मा निरौला, सुनिल तामाङ, उमेश सुनाम, शकु शाह, सुचित्रा उप्रेती, दिनेश शाही, रिजन परियारलगायत कलाकारहरूको अभिनय रहेको छ।

प्राविधिक पक्षतर्फ महेश पौडेलको छायांकन, रोमी मोजेजको सम्पादन, डिकेश खड्गीको ध्वनि मिश्रण तथा कृष्ण भण्डारीको रंग संयोजन रहेको छ।

फिल्म आगामी वैशाख २५ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको निर्माण पक्षले जनाएको छ। गीत सार्वजनिकसँगै फिल्मप्रति दर्शकको चासो बढ्ने अपेक्षा गरिएको छ।

# 'सातौं सगरमाथा म्युजिक अवार्ड'को मनोनयन सार्वजनिक

**काठमाडौं/मस–** 'नेपाली कला र स्रष्टाको सम्मान, नेपाली संस्कृति संरक्षण र प्रवर्धन हाम्रो अभियान' भन्ने मूल नारासहित आयोजना हुँदै आएको सातौं सगरमाथा म्युजिक अवार्ड २०८२ का लागि विभिन्न २४ विधामा उत्कृष्ट पाँचको मनोनयन सार्वजनिक गरिएको छ। आयोजक संस्था अर्थ नेपाल प्रालि ले बुधबार एक विज्ञप्ति जारी गर्दै जुरी र आयोजक समितिको संयुक्त निर्णयका आधारमा उत्कृष्ट पाँच छनोट गरिएको जानकारी दिएको हो।

आयोजकका अनुसार यस वर्षको अवार्डमा चलचित्र, पप/आधुनिक तथा लोक-दोहोरी विधामा सक्रिय कलाकर्मीहरूको उल्लेख्य सहभागिता रहेको छ। कार्यक्रम संयोजक मनोज थापाका अनुसार नेपाली संगीत क्षेत्रका विविध विधामा योगदान पुऱ्याएका स्रष्टाहरूलाई समेट्दै प्रतिस्पर्धात्मक मनोनयन तयार गरिएको हो।

यस वर्षको अवार्ड समारोहमा नेपाली गीत-संगीतको क्षेत्रमा दीर्घकालीन योगदान पुऱ्याएका एक विशिष्ट व्यक्तित्वलाई 'लाइफ टाइम अचिभमेन्ट अवार्ड' प्रदान गरिनेछ। त्यस्तै, २५ वर्षभन्दा बढी समयदेखि रंग पत्रकारितामा सक्रिय एक पत्रकारलाई 'रजत पत्रकारिता सम्मान' प्रदान गरिने कार्यक्रम प्रमुख पुरुषोत्तम बस्नेतले जानकारी दिएका छन्। साथै, नेपाली कला क्षेत्रमा कलम चलाउने पत्रकार र विभिन्न विधामा सक्रिय कलाकारहरूलाई समेत विशेष सम्मान गरिने जनाइएको छ।

अवार्डको निर्णायक मण्डलमा वरिष्ठ संगीतकार सन्तोष श्रेष्ठ संयोजकको रूपमा रहेका छन् भने कलाकार सनम कठायत, साहित्यकार प्रकाश श्रेष्ठ (मालिका केशरी) र चलचित्रकर्मी देवेन्द्र बजगाईं




सदस्यका रूपमा रहेका छन्। मनोनयनमा परेका कलाकारलाई लोकप्रियताका आधारमा भोटिङ गर्न खल्ती मार्फत मतदान गर्न सकिने व्यवस्था गरिएको आयोजकले जनाएको छ।

सार्वजनिक मनोनयनअनुसार चलचित्र गायनतर्फ समीक्षा अधिकारी ('बुझिनँ मैले'), बेनिसा पौडेल ('बिहे भाको छैन'), रिता केसी ('रिमै'), प्रशान्त सिवाकोटी ('काँधेकुरी') र सुजाता केसी ('छ भने माया') प्रतिस्पर्धामा रहेका छन्। चलचित्र गीतकारतर्फ ऋषिराज आचार्य, यादव लम्साल, नवराज पन्त, राम अविरल बिष्ट र हर्क साउद उत्कृष्ट पाँचमा परेका छन् भने चलचित्र संगीतकारतर्फ जयन जे वाइवा, एसडी योगी, आशिष अविरल, अर्जुन पोखरेल र करण राज कार्की प्रतिस्पर्धामा छन्।

पप/आधुनिक गायनतर्फ नारायण थापा, सिडी विजय अधिकारी, उमेश मुस्कान, पवन रानाभाट र रुद्र शेखर शर्मा मनोनयनमा परेका छन् भने महिला गायिकातर्फ सुमि पराजुली, रेश्मा पुन, निता आचार्य, मनमाया पंगेनी र रानु निरौला उत्कृष्ट पाँचमा समावेश भएका छन्। गीतकारतर्फ डा. रमिल अधिकारी, हेमराज तामाङ, रोहन पौडेल, पुस्कर शाह र सुमन के. धिताल तथा संगीतकारतर्फ शिशिर योगी, जीवन शर्मा, राजेन्द्र बजगाईं, कमल अधिकारी र ज्ञानेन्द्र गिरी प्रतिस्पर्धामा छन्।

बाद्यवादनतर्फ सुरेन लामा, सुनिल सिंह नेपाली, सन्दीप कार्की र बिशाल पौडेल मनोनयनमा छन्। पप/आधुनिक मोडलतर्फ महिला विधामा पुनम श्रेष्ठ, प्रतिक्षा काफ्ले, सुजिना गोले, पूजा ठाकुर र सजिना लामिछाने तथा पुरुषतर्फ प्रज्वलराज भट्ट, बादल घिमिरे, अंशु बर्मा, प्रवास लामा र कुन्दन गुप्ता उत्कृष्ट पाँचमा परेका छन्।

लोक तथा दोहोरी विधातर्फ पनि कडा प्रतिस्पर्धा देखिएको छ। गायकतर्फ निरमकुमार शाही, राजु ढकाल, सुरेश अन्जन, पुरुषोत्तम गैरे र सागर आले छन् भने गायिकातर्फ इश्वल सन्ज्याल, कला गुरुङ, शान्ति शाही, सिम्रन परियार र रितु बोहोरा मनोनयनमा परेका छन्। शब्दतर्फ दीपक अधिकारी, नेत्र अर्याल, सेर साउद, कमल खनाल र रोशन रेग्मी तथा लयतर्फ शिव काम्छा मगर, रमेश परियार, सुप्रिम विश्वकर्मा, रोशन सिंह र मन्जीत पहाडी उत्कृष्ट पाँचमा समावेश छन्।

मोडलिङ विधातर्फ लोक/दोहोरी महिला मोडलमा आशा विश्वकर्मा, अस्मिता जुरेली, संचिता बोलाखे, सरिता धनकुटी र आरुसी मगर छन् भने पुरुष मोडलतर्फ अभिषेक खड्का, सुरेश कोली, विमल अधिकारी, कैलाश कठायत र सहिन प्रजापति प्रतिस्पर्धामा छन्।

कोरियोग्राफीतर्फ सन्दीप भुजेल, राहुल शाह, अनिल राई, राजाराम सिंखडा र लोसिना शाक्य उत्कृष्ट पाँचमा परेका छन्। नव गायनतर्फ सर्जु रञ्जित, मदन बम, आश्मा दुलाल, शिवजी परियार र मिना एनपी प्रतिस्पर्धामा छन् भने पप/आधुनिक नव मोडलतर्फ गीता पन्थी, ईशा परियार, सहिस्मा खड्का, एनिसा अधिकारी र गृष्मा पौडेल तथा लोक/दोहोरी नव मोडलतर्फ रचना न्यौपाने, अन्जु सुनार, कुशुम कुँवर र आशिका घिमिरे मनोनयनमा परेका छन्।

बाल प्रतिभातर्फ आर्यन पाण्डे, परिधि खतिवडा, प्रिन्स बम, एलेक्स खड्का र इनोभ गुरुङ उत्कृष्ट पाँचमा छन्। म्युजिक भिडियोतर्फ छायांकनमा रुपेश थापा, महेश महरा, प्रकाश खड्का, उत्सव दाहाल र दीपक गिरी, सम्पादनमा विकास दाहाल, कल्पेश विश्वकर्मा, अमृत चापागाईं, मनोज कार्की र मिन रावल तथा निर्देशनतर्फ जेरी भण्डारी, शेर साउद, किरण श्रेष्ठ, प्रविण थापा र निरेन श्रेष्ठ मनोनयनमा परेका छन्। आयोजकका अनुसार यस वर्षको अवार्डले नेपाली संगीत क्षेत्रका विविध विधा र प्रतिभालाई एकै थलोमा उभ्याउँदै प्रतिस्पर्धा र सम्मानको संस्कृतिलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ।


## जापानमा रोजगारको अवसर

कम्पनी : K-HAN COOPERATIVE
पूर्व स्वीकृत मितिः २०८२/०९/१७ चलानी नं.: ६०२५०१८९ शहर : JAPAN LT No: 336431

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Printing And Binding Worker | 3 | 0 | स. काममा दक्ष | 200500 | १,८६,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | | २ वर्ष |

कम्पनी : K-HAN COOPERATIVE
पूर्व स्वीकृत मितिः २०८२/०९/१३ चलानी नं.: ६०२५०१९० शहर : JAPAN LT No: 336163

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Printing And Binding Worker | 2 | 0 | स. काममा दक्ष | 198188 | १,८४,१४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरुः**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले २८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको) कुल खर्च** : नि शुल्क
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता**

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ चैत १२ गते (26 March 2026) मा हुनेछ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस्। आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस्।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस्।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस्।
५) अनिवार्य रुपमा विमा गराउनुहोस्।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सोको एक प्रति आफुसँग राख्नुहोस्।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस्। वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस्। वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस्। इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस्।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्। १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस्।

**नोटः जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ। जापान सरकारले औधोगिक प्रशिक्षार्थीको रुपमा लिने, कुनैपनि कामको बारेमा अनुभवी प्रशिक्षकबाट तालिमको पनि व्यवस्था छ। साथै औधोगिक प्रतिस्थानमा प्रयोग हुने व्याबहारीक जापानिज भाषा अडियो तथा भिडियोको माध्यमबाट जापानिज भाषा सिकाइन्छ।**

**मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.**
Email: info@manjushreeoverseas.com.np, Web: www.manjushreeoverseas.com.np
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोनः ०१४५४६०५२



बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
## शिक्षा विकास निर्देशनालय, हेटौंडा

**सामुदायिक माध्यमिक विद्यालयमा सीप शिक्षा कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्नेसम्बन्धी सूचना, २०८२**

**प्रथम पटक प्रकाशित मितिः२०८२/१२/०५**

यस निर्देशनालयको चालु आ.व. ०८२/०८३ को वर्षिक स्वीकृत कार्यक्रम बमोजिम सामुदायिक माध्यमिक विद्यालयमा सीप शिक्षा कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा सामुदायिक माध्यमिक विद्यालयमा सीप शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ को दफा ६ बमोजिमका शर्त पुरा गरेका सामुदायिक माध्यमिक विद्यालयहरूले मूल्याङ्कनका लागि आवश्यक दफा ७ को ३ बमोजिमका कागजातका साथ प्रस्ताव तयार गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस निर्देशनालयको email edd.bagamati@gmail.com वा प्रत्यक्ष निर्देशनालयमा आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै सूचना सम्बन्धी विस्तृत विवरण र सामुदायिक माध्यमिक विद्यालयमा सीप शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ वेबसाइट edd.bagamati.gov.np मा उपलब्ध छ।

का. मु. महानिर्देशक



सुदुरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
## स्वास्थ्य कार्यालय, बझाङ

फोन नः ०९२-४२१०१८, ४२१३५६
emailMbajhangdho@gmail.com

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति :- २०८२/१२/०५)

यस कार्यालबाट मिति २०८२/१०/११ गते प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम निर्धारित समयभित्र दर्ता हुन आई बोलपत्रहरूको प्राविधिक प्रस्तावको मूल्याङ्कनमा सफल बोलपत्रदाताहरू मध्ये तपसिलमा उल्लिखित बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | योजनाको नाम | ठेक्का नं. | न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल अंक (मू.अ.क. र पि.एस. सहित) |
|---|---|---|---|---|
| १ | Construction of Health Office Building at Health Office, Bajhang | BHO/NCB/Works/082/083-01 | NNS/DNS/VCE J.V | 11700304.14 |

कार्यालय प्रमुख



## Madan Bhandari Academy of Health Sciences

**Hetauda Hospital**
**Bagmati Province**
**Hetauda, Makwanpur**

**Invitation for Bids**

**Date of Second Publication: Thursday 5th Chaitra 2082(19th March 2026)**

Madan Bhandari Academy of Health Sciences, Hetauda Hospital invites electronic bids from eligible bidders for the below mentioned activities in Madan Bhandari Academy of Health Sciences, Hetauda Hospital under National Competitive Bidding (SQ and NCB). Eligible Bidders may obtain further information at the office of Madan Bhandari Academy of Health Sciences or may visit PPMO website: www.bolpatra.gov.np/egp

| S. No. | Notice No. | Tender Description | Bid Document Fee | Bid Security | Last date of Bid submission | Bid opening date |
|---|---|---|---|---|---|---|
| 1. | MBAHS/HH/SQ/PHYSIO/2082/083-006(Re) | Procurement of Supply, Delivery and Installation of Physiotherapy Equipments for MBAHS, Hetauda Hospital ( Re Sealed Quotation) | Rs. 1000.00 | Rs. 50,000.00 | Friday, 20th Chaitra 2082 (3rd April 2026) (12:00 hours | Friday, 20th Chaitra 2082 (3rd April 2026) 13:00 hours |
| 2. | MBAHS/HH/GOODS/X-RAY NCB/1S1E/2082/83-11.2(Re) | The Procurement of Supply and Delivery of Medical X-Ray Films (Package II) (Re Tender) for MBAHS, Hetauda Hospital | Rs. 3000.00 | Rs. 55,000.00 | Friday, 20th Chaitra 2082 (3rd April 2026) (12:00 hours | Friday, 20th Chaitra 2082 (3rd April 2026) 13:00 hours |
| 3 | MBAHS/HH/GOODS/Lab1/NCB/1S1E/2082/83-12(Re) | The Procurement of Supply and Delivery of Laboratory Chemicals and Reagents for MBAHS, Hetauda Hospital (Re Tender) | Rs. 5000.00 | Rs. 10,500.00 | Friday, 20th Chaitra 2082 (3rd April 2026) (12:00 hours | Friday, 20th Chaitra 2082 (3rd April 2026) 13:00 hours |
| 4 | MBAHS/HH/GOODS/VEHICLES/NCB/1S1E/2082/83-17.2.3(Re) | The Procurement of Supply and Delivery of Vehicles (Package II & III) for Madan Bhandari Academy of Health Sciences (MBAHS) (Re Tender) | Rs. 3000.00 | Rs.139,000.00 for Package II and Rs.215,000.00 for Package III | Friday, 20th Chaitra 2082 (3rd April 2026) (12:00 hours | Friday, 20th Chaitra 2082 (3rd April 2026) 13:00 hours |

**Madan Bhandari Academy of Health Sciences, Hetauda Hospital**



## मलेसियामा रोजगार

कम्पनी : RAKSHA SECURITY FORCE SDN. BHD. शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०६/२४ चलानी नं.: ६०२४७१८५ LT. No.: 332184 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 10 | 0 | स. काममा दक्ष | 1700 | ६४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी :SUCCESS SECURITY SERVICES SDN BHD शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०६/१० चलानी नं.: ६०२४५३४९ LT. No.: 331591 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 10 | 0 | स. काममा दक्ष | 1700 | ६४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत १२ गते (26 March 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Y.K. MANPOWER AGENCY PVT.LTD.**
4th Floor, Giri Complex, Sambhumarga-9, Airport, Kathmandu Tel.: (+977-014599181, 014597116), +977 9801234995.
Govt. Lic. No.: 439/074/075
E-mail: ykmanpoweragency@gmail.com, Web.: www.ykmanpower.com



## CYPRUS मा रोजगार

कम्पनीः MC RECRUITMENT AGENCY शहरः Cyprus, Limassol
पूर्व स्वीकृत मितिः २०८१/१२/०९ चलानी नं.: ६०२३४९६४ LT. No.: 320717 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 2 | 0 | स. काममा दक्ष | 1018 | १,७२,८८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत १२ गते (26 March 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. ४०,००० कामदारले |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।


**गौतम इन्टरनेशनल म्यानपावर सर्भिसेज प्रा. लि.**
सुबिधानगर-३२, तिनकुने, काठमाडौं, नेपाल
फोनः ५१९२०२८, ४१११६४४ फ्याक्सः ४१११६४४
श्रम इजाजत नं. ५४७/०६७/०६८
E-mail: gautaminternational5@gmail.com Website: www.gautamimps.com.np

## कुवेतमा रोजगार

कम्पनीः NOOR ALSABAH COMPANY FOR HOME DELIVERY FOR CONSUMER GOODS शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०५/११ चलानी नं.: ६०२४३७९५ L.T. No.: 329969 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 38 | 0 | स. काममा दक्ष | 140 | ६७,३०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत १२ गते (26 March 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २,१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।


**LAXMI RECRUITMENT SERVICE PVT. LTD.**
9 Battisputali Rd, Kathmandu सम्पर्क नं. ०१-४५००४३३, ९८०३८४६४५८, ९८४७४९७६३१, ९८२७६८५५६५, ९८४२०३६५८७, ९७६३२२८७७७, ९७०२०१२४५६, ९७०२०१२४५४, ९८६२५०४०२६
Gov License no : 1782/082/083

## मलेसिया र साइप्रसमा रोजगार

कम्पनीः SAFEGUARDS SECURE SOLUTION SDN BHD शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०८/०९ चलानी नं.: ६०२४७५६६ LT. No.: 333920 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 65 | 0 | स. काममा दक्ष | 1700 | ६४,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : EUROASIA HUMAN RESOURCES P.E.AGENCY -509 शहर : Cyprus,LIMASSOL
पूर्व स्वीकृत मितिः २०८२/०६/०६ चलानी नं.: ६०२४५१३२ LT. No.: 331439 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 16 | स. काममा दक्ष | 400 | ६७,९३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EUROASIA HUMAN RESOURCES P.E.AGENCY -509 शहर : CYPRUS
पूर्व स्वीकृत मितिः २०८२/०४/१४ चलानी नं.: ६०२४१९९५ LT. No.: 328126 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 8 | स. काममा दक्ष | 400 | ६७,९३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत १२ गते (26 March 2026) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | मलेसियामा रु १०,००० साइप्रसमा रु. ३०,००० |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।


**KALINCHOK H. R. PVT. LTD.**
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
License No.: 1406/074/075
Tel: 970-1167567, 981-0231132, 981-8151990, 986-903552, 976-1741350, 9801081748, 985-1136852 Email: info@kalinchokhr.com.np

# आर्मी र संकटाको रवाफिलो जित



**काठमाडौं/मस–** चार विदेशी खेलाडीको साथमा संकटा र विभागीय टोली त्रिभुवन आर्मी क्लबले एन्फा सहिद स्मारक महिला लिगमा सुखद् सुरुवात गरेको छ।

ललितपुरस्थित च्यासल स्टेडियममा बुधबारदेखि भएको महिला लिगमा संकटा र आर्मीले फराकिलो जित निकाल्दै प्रतियोगितामा सुखद् सुरुवात गरेका हुन्। पहिलो खेलमा संकटाले छिमेकी क्लब न्युरोड टिम (एनआरटी)माथि ४-० को रवाफिलो जित आत्मसात् गर्‍यो। संकटाको जितमा चारमध्ये तीन गोल विदेशी खेलाडीले गरे। म्यानमारकी विन थेइंगी तुन, मोजाम्बिककी लुसिया जोस र घानाकी क्विनाबेल अकुसुआले गोल गरे। एक गोल सुक्रिया मियाले गरेकी हुन्। विदेशी खेलाडी चम्किएपछि संकटा पूर्ण हावी भयो। अर्को खेलमा विभागीय टोली आर्मीले झापा एफसीमाथि ५-०को एकपक्षीय जित निकाल्यो।

आर्मीका अञ्जना थुलुङ राईले दुई तथा दीपा शाही, हिमा चौधरी र तुलसा बोहोराले समान एक गोल गरे। झापाले चुनौती दिने प्रयास गरे पनि सफल भएन। झापाले खेलको ५६औं मिनेटसम्म आर्मीलाई रोकेको थियो। तर, त्यसपछि थकित देखिएको झापाले एकपछि अर्को गोल बेहोर्‍यो। झापाले खेल अवधिभर एउटा पनि राम्रो अवसर सिर्जना गर्न सकेन। यद्यपि, सुरुवातमा झापाको रक्षात्मक रणनीति आर्मीका लागि चुनौती बन्यो। यसले खेलको पहिलो हाफ गोलरहित बराबरीमा नै सकियो। आर्मीको एकपछि अर्को अवसर सिर्जना अफसाइड ट्र्यापमा पर्‍यो। आर्मीका प्रशिक्षक राजु तामाङले दोस्रो हाफमा रणनीति परिवर्तन गरे।

उनले चन्द्रा भण्डारीको स्थानमा तुलसा बोहारा र विमला चौधरीको स्थानमा सपना लामालाई मैदान प्रवेश गराए। यसपछि आर्मीले बल पोसेसन राख्दै झापामाथि लगातार दबाब बनाउन थाल्यो। ५७औं मिनेटमा दीपाको गोलबाट आर्मीले अग्रता लिन सफल भयो। मध्य भागबाट दीपा राईले दिएको पास सदुपयोग गर्दै दीपाले अग्रता दिलाएकी हुन्। उनले करिब १५ यार्डबाट झापाकी गोलकिपर सुजता तामाङ अगाडि बढेको अवस्थामा बललाई जाली चुमाइन्। यो गोलपछि झापा दबाबमा पर्‍यो। यसको फाइदा उठाउँदै आर्मीले दोस्रो गोल गर्‍यो। ६८औं मिनेटमा हिमाले गोल गर्दै आर्मीलाई २-० ले अगाडि बढाइन्। थ्रो बललाई सदुपयोग गर्दै उनले पेनाल्टी बक्सभित्रबाट गोल गरेकी हुन्।

अन्तिम १० मिनेट झापाको डिफेन्स लाइन निकै खराब रह्यो। यस क्रममा आर्मीले तीन गोल थप्यो। ८०औं मिनेटमा जेनिफर रानाको स्थानमा अञ्जना थुलुङ राई मैदान प्रवेश गरिन्। अञ्जनाले आफ्नो प्रभाव छाड्दै दुई गोल गर्न सफल भइन्। ८६औं मिनेटमा अञ्जनाले गोल गर्दै आर्मीलाई ३-० ले अगाडि बढाइन्। लेफ्ट साइडबाट दीपा शाहीले दिएको क्रस सदुपयोग गर्दै अञ्जनाले वान टचमार्फत बललाई जाली चुमाएकी हुन्। ९०औं मिनेटमा झापाका गोलकिपर सुजताको गल्तीमा आर्मीले चौथो गोल बेहोर्‍यो। सञ्जु कुमालको थ्रु बल नियन्त्रणमा लिँदै अञ्जनाको फितलो प्रहार सुजताले हातबाट फुत्काइन्। इन्जुरी समयमा तुलसाले गोल गर्दै आर्मीलाई ५-०को जित दिलाइन्। यससँगै झापाले फराकिलो हारबाट लिगको सुरुवात गर्‍यो।

बुधबारदेखि च्यासल रंगशालामा सुरु भएको लिगमा तीन विभागीय टोलीसहित कुल ९ क्लबले प्रतिस्पर्धा गर्दै छन्। घरेलु प्रतियोगितामा सबैभन्दा बलियो दाबेदार रहँदै आएको एपिएफ डिफेन्डिङ च्याम्पियन हो। तर यसपल्ट एपिएफलाई अन्य दुई विभागीय टोली नेपाल पुलिस, आर्मी र संकटाले चुनौती दिन सक्ने अनुमान गरिएको छ। वैशाख १२ गतेसम्म सञ्चालन हुने लिग सिंगल राउन्ड रोबिन पद्धतिमा हुँदै छ। एन्फाले सुरुवातमा १० टोली सहभागी हुने उल्लेख गरेको थियो। वालिङ नगरपालिकाले आर्थिक कारण देखाउँदै नाम फिर्ता लिएपछि एन्फाले राप्ती एफसीलाई समावेश गर्ने निर्णय गरेको थियो। तर, अन्तिम समयमा अन्य क्लबहरूको विरोधपछि राप्तीलाई अयोग्य ठहर गर्दै लिगमा नौ टोली मात्र सहभागी गराइएको हो। एन्फाले यस प्रतियोगिताको पुरस्कार रकमबारे भने जानकारी दिएको छैन।

# चौथो दम्माम च्याम्पियन कपको तयारी पूरा

**दम्माम, साउदी अरब/मस–** साउदी अरबको दम्माममा क्रियाशील युनाइटेड नेपाल फुटबल क्लब (युएनएफसी)को आयोजनामा हुन लागेको 'चौथो दम्माम च्याम्पियन कप २०२६' को सम्पूर्ण तयारी पूरा भएको छ। मुस्लिम समुदायको महान् पर्व ईदुल फित्रको अवसर पारेर आगामी मार्च २० र २१ तारिखमा खोबरस्थित अजेजिया फुटबल मैदानमा आयोजना हुन लागेको यस प्रतियोगितामा साउदी अरबभरिका १४ वटा सक्रिय नेपाली फुटबल टोलीले सहभागिता जनाउने निश्चित भएको छ।

प्रवासमा कार्यरत नेपाली समुदायबीच आपसी सद्भाव, मित्रता र खेलकुद भावना सुदृढ गर्ने लक्ष्यसहित सन् २०१४ देखि नै यो क्लबले यस्ता खेलकुद गतिविधि सञ्चालन गर्दै आएको छ। यसअघि २०२५ जुनमा आयोजित तेस्रो संस्करणको उपाधि आयोजक युनाइटेड एफसीले नै जितेको थियो भने यसपटकको प्रतियोगितालाई अझ भव्य बनाउन आयोजक टोली अहोरात्र खटिएको छ।

प्रतियोगिताको पुरस्कार राशि यसपटक निकै आकर्षक राखिएको छ, जहाँ विजेता टोलीले सात हजार साउदी रियाल (करिब २ लाख ६६ हजार नेपाली रुपैयाँ)सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। त्यसैगरी उपविजेताले तीन हजार पाँच सय साउदी रियाल (करिब एक लाख ३३ हजार नेपाली रुपैयाँ) नगदका साथै ट्रफी र मेडल हात पार्नेछन्। नगद पुरस्कारका अतिरिक्त उत्कृष्ट खेलाडी, उत्कृष्ट गोलकिपर, उत्कृष्ट डिफेन्डर र प्रत्येक खेलका 'म्यान अफ द म्याच'लगायत विभिन्न व्यक्तिगत विधामा पनि आकर्षक पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ। टिम दर्ताको प्रक्रिया सम्पन्न भइसकेको र सात सय साउदी रियाल दर्ता शुल्क बुझाएर सहभागी भएका १४ वटै टोलीहरू अहिले मैदानमा उत्रिन निकै उत्साहित देखिएका छन्।

आयोजक क्लबका अध्यक्ष ओमबहादुर कुमालका अनुसार, ईदुल फित्रजस्तो पवित्र पर्वको सार्वजनिक बिदा पारेर प्रतियोगिता आयोजना गर्नुको मुख्य उद्देश्य समुदायमा खुसी साट्नु र अपनत्वको भावना अभिवृद्धि गर्नु हो। क्लबका महासचिव कमल लो तामाङ र कोषाध्यक्ष विजय लिम्बूलगायतको व्यवस्थापकीय टोलीले प्राविधिक तयारीलाई अन्तिम रूप दिइसकेको छ।

प्रतियोगिताले साउदीमा रहेका नेपालीलाई खेलमार्फत एकताबद्ध गर्ने र समुदायमा सकारात्मक सन्देश प्रवाह गर्ने विश्वास अध्यक्ष कुमालले व्यक्त गरेका छन्। दम्माम र आसपासका क्षेत्रमा रहेका सम्पूर्ण नेपाली खेलप्रेमीहरूलाई खेलस्थलमा उपस्थित भई खेलाडीहरूको हौसला बढाउन आयोजकले हार्दिक निमन्त्रणा समेत गरेको छ।

## काठ लिलाम बिक्री सम्बन्धि सूचना

**प्रथप पटक प्रकाशित मिति २०८२/१२/०५**

यस सुन्दर सामुदायिक बन उपभोक्ता समुहको कटारी न पा ९ उदयपुरको आर्थिक वर्ष २०८१/०८२ मा संकलन भै घाटगद्धी गरिएको लट नम्बर १ को विभिन्न ग्रेड समुहको साल जातको जम्मा २३ थानको १९२.३२ क्यू फिट काठ समुह बाहिर बिक्री वितरण गर्नुपर्ने भएकोले यो २१ दिने सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धि विस्तृत जानकारीका लागि सामुदायिक वनको कार्यालयमा सम्पर्क राख्न सकिने छ।

**सुन्दर सामुदायिक बन उपभोक्ता समुह, कटारी न पा ९, उदयपुर**

## डिभिजन वन कार्यालय भेरी बाबियाचौर, सुर्खेतको काठ/दाउरा संकलन सम्बन्धि सूचना

**पहिलो पटक प्रकाशित मितिः २०८२/१२/०५**

यस डिभिजन वन कार्यालय भेरीको आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रिय वनमा रहेका ढलापडा काठ दाउरा कटान मुछान गरी तोकिएको स्थानमा घाटगद्धी गर्नका लागि यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत पर्ने सिरुवारी राष्ट्रिय वन लयागत ३ (तीन) वटा रा.व. को प्लट नं. १,२,३ को काठ/दाउरा लिलाम घटाघट प्रकियाद्वारा संकलन गर्नुपर्ने भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरीएको छ। इच्छुक व्यक्ति फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ औं दिन कार्यालय समय भित्र श्री प्रदेश वन निर्देशनालय कर्णाली प्रदेश सुर्खेत वा श्री डिभिजन वन कार्यालय भेरी बाबियाचौर सुर्खेतबाट बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र श्री डिभिजन वन कार्यालय भेरी बाबियाचौर सुर्खेतमा दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरीएको छ।

**तपसिलः**

| सि.नं. | प्लट नं. | जात | काठ क्यू फि. | दाउरा चट्टा | अवस्था | रा.व. को नाम र ठेगाना |
|---|---|---|---|---|---|---|
| १ | १ | साल | २३४६.१५ | २.४८ | ढलापडा | सिरुबारी रा. व. बराहताल गा. पा. ३ सुर्खेत |
| २ | २ | साल | ३०५१.०३ | ३.२५ | ढलापडा | लिस्ने रा.व.बराहताल गा.पा. ४ सुर्खेत |
| ३ | ३ | साल | ४५८७.६६ | ४.९५ | ढलापडा | बयाले रा.व. बराहताल गा. पा. ४ सुर्खेत |

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

**प्रकाशित मितिः २०८२/१२/०५**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय न्यूरोड, काठमाडौंबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.सं. २०८०/०२/०८ मा कारोबार राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना, मिति वि.सं. २०८०/०५/१३ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना र मिति वि.सं. २०८०/०९/१७ मा सौर्य दैनिक राष्ट्रिय पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय महेन्द्रनगर, धनुषामा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा, चालु पुँजी कर्जा (आवधिक), सिटिजन्स निजी गाडी कर्जा, अल्पकालिन कर्जा**

**ऋणीको नाम : जय वैष्णवी माता ट्रेडर्स**
रजिष्टर्ड ठेगाना : टोखा नगरपालिका-९, :गोंगबु, काठमाण्डौ
रजिष्ट्रेशन नं. : १०३३६६/०६८/६९ (नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं)
पान न : ६००५८२६१४

**फर्मको प्रोप्राईटर तथा जमानीकर्ताको नाम र ठेगाना :**
**नाम : रमा जोशी**
बाबु : गंगालाल जोशी
बाजे : विष्णु लाल जोशी
पती : प्रदिप कुमार सिहं
ठेगाना : गोलढुङ्गा-१, काठमाडौं
हाल : टोखा न.पा.-९, काठमाडौं
ना.प्र.नं : ११९४१
जारी मिति : २०५६/१२/१७
जि.प्र.का. : काठमाडौं

**जमानीकर्ताको नाम र ठेगाना**
**नाम : प्रदिप कुमार सिहं**
बाबु : विशेश्वर महतो
बाजे : शिव लाल महतो
ठेगाना : भुचक्रपुर-३, धनुषा
हाल : टोखा न.पा.-९, काठमाडौं
ना.प्र.नं : १४७८३७३२
जारी मिति : २०५१/०९/०६
जि.प्र.का. : धनुषा

**धितो राखिएको सम्पत्तिको विवरणः**
**धितो सुरक्षण धनीको : प्रदिप कुमार सिहं**

| सि.नं. | जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | धनुषा | वटेश्वर | २/२ | ५१४ | २-१-१५-१२ विगाहा १४१४८.३६ व.मि | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत। |

माथि उल्लिखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत फर्मले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित।

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथ वा शाखा कार्यालय न्यूरोड, काठमाडौं वा शाखा कार्यालय महेन्द्रनगर, धनुषामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०८२/१२/१२ गते, बिहिबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय महेन्द्रनगर, धनुषा।**

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL


# शून्य लागत अन्तर्गत मलेसियामा रोजगारी
# EMPLOYMENT IN MALAYSIA UNDER ZERO COST

**शून्य लागत भर्तीः** यो भर्ती शून्य लागत नीति अन्तर्गत सञ्चालन भइरहेको छ। भर्ती सम्बन्धी सबै खर्चहरू–पासपोर्ट, फोटो, मेडिकल जाँच, यातायात, खान र बस्न, भिसा, अभिमुखीकरण, बीमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष, श्रम स्वीकृति, हवाई टिकट र टाइटानिकको सेवा शुल्क–पूर्ण रूपमा रोजगारदाताले वहन गर्नेछ। उम्मेदवारहरूले कम्पनीको भर्ती प्रक्रिया वा नियुक्तिपछि कुनै पनि चरणमा शुल्क वा भुक्तानी तिर्नुपर्ने छैन।

**Zero Cost Recruitment:** This recruitment is conducted under a zero-cost recruitment policy. All recruitment-related expenses, including passport, photo, medical screening, transportation, lodging and food, visa, orientation, insurance, welfare fund, social security fund, labour approval, air ticket and Titanic's service charge, will be fully borne by the employer. Candidates are not required to pay any fees at any stage of the recruitment process or after placement.

रोजगारदाता कम्पनी - केक सेङ (मलेसिया) बरहाड
Employer Company - Keck Seng (Malaysia) Berhad
ठेगाना - जोहोर, मलेसिया, Address - Johor, Malaysia
फोन - +६०७ २५५ ११११, Phone - +607 255 1111
फ्याक्स - +६०७ २५५ ५११६, Fax - +607 255 5116

**कम्पनीको बारेमा** - केक सेङ (मलेसिया) बरहाड एक लामो समयदेखि स्थापित तथा विविध क्षेत्रमा व्यवसाय सञ्चालन गर्दै आएको मलेसियन समूह कम्पनी हो। यस कम्पनीले पाम तेल खेती तथा प्रशोधन, सम्पत्ति विकास, लगानी होल्डिङ्ग तथा आतिथ्य (होटल/हस्पिटालिटी) क्षेत्रमा काम गर्दै आएको छ, र यसका सेवाहरू मलेसिया सहित अन्तर्राष्ट्रिय स्तरमा पनि सञ्चालन भइरहेका छन्।

**About Company** - Keck Seng (Malaysia) Berhad is a long-established, diversified Malaysian conglomerate active in palm oil plantations and processing, property development, investment holdings, and hospitality, with both local and international operations.

| पूर्व स्वीकृत मिति - २०८२/१२/०३ Pre-approval Date - 2026/03/17 | लट नम्बर - ३४००५० LT No. - 340050 | चलानी नम्बर - ६०२५३५०२ Invoice No. - 60253502 |
|---|---|---|

| कामदारको पद Worker's Position | माग संख्या No. of Demand पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary आर एम RM | ने. रु. NRP | ओभरटाईम Overtime | प्रतिदिन काम गर्ने घण्टा Working Hours/Day | हप्तामा काम गर्ने दिन Working Days/Week | खाना सुविधा Food Facility | बस्ने सुविधा Accommodation Facility | करार अवधी Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सामान्य कामदार General Worker | ५९ 59 | ० 0 | सम्बन्धित काममा दक्ष Skilled at related work | १७०० 1700 | ६२,९०० 62,900 | कम्पनीको नियम अनुसार As Per Company Rule | ७.५ घण्टा 7.5 Hours | ६ दिन 6 Days | छैन No | छ Yes | २ वर्ष 2 years |

| पासपोर्ट खर्च Passport Expenses | मेडिकल जाँच शुल्क Medical Examination Fee | भिसा शुल्क Visa Fee | फाइनल अन्तर्वार्ताको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खान र बस्नको खर्च Transport, Food & Lodging Expenses During Final Interview & Before Departure | अभिमुखीकरण Orientation | नेपाल र मलेसियामा लाग्ने बिमा शुल्क Insurance Fee in Nepal & Malaysia | कल्याणकारी कोष Welfare Fund | सामाजिक सुरक्षा कोष Social Security Fund | हवाई टिकट खर्च Air Ticket Expenses | संस्थाको सेवा शुल्क Agency Service Charge |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | रोजगारदाताले ब्योहोर्ने By the employer | |

## महत्त्वपूर्ण जानकारी Important Information

- आवेदकहरूको उमेर १८ बर्ष देखि ४५ बर्षको बिचमा हुनु पर्नेछ। इच्छुक आवेदकहरूहरूलाई उमेर प्रमाणिकरणको लागि नेपाल सरकारबाट जारी फोटो सहितको कम्तिमा दुईवटा परिचय पत्र साथमा लिएर उपस्थित हुन अनुरोध गर्दछौं। Applicants must be between 18 and 45 years of age. Interested applicants are requested to bring at least two photo IDs issued by the Government of Nepal for age verification.
- कामको क्षेत्र/ प्रकृतिः सामान्य कामदार / पाम रूखको बगान तथा कारखाना सञ्चालन सम्बन्धी काम – कटानी (harvesting), लोडिङ, छाँटाइ (sorting), मेसिन सञ्चालन, प्याकिङ तथा उत्पादन प्रक्रियामा आवश्यक सामान्य सहयोग कार्य। Scope / Nature of Job: General worker / Plantation of Palm Tree and Factory Operation - harvesting, loading, sorting, machine operation, packing, and general production support.
- बिदाको हकः Leave Entitlement:

| सेवाको अवधि Year of Service | बार्षिक बिदा Annual Leave | बिरामी बिदा (प्रत्येक पात्रो वर्ष) Sick Leave (Each calendar Year) | सार्वजनिक बिदा Public Holiday | अस्पताल भर्ना बिदा Hospitalization Leave |
|---|---|---|---|---|
| २ वर्ष भन्दा कम Less than 2 Years | ८ दिन 8 days | १४ दिन / 14 Days | ११ दिन प्रत्येक पात्रो वर्ष (मलेसियाको श्रम ऐन अनुसार) / 11 Days each calendar year (In accordance with the labour laws in Malaysia) | ६० दिन (प्रत्येक पात्रो वर्ष) / 60 Days (In each calendar year) |
| २–५ वर्ष 2-5 Years | १२ दिन 12 days | १८ दिन / 18 Days | | |
| ५ वर्ष भन्दा बढी More than 5 years | १६ दिन 16 Days | २२ दिन / 22 Days | | |

- प्रत्येक कामदारलाई हप्तामा एक दिन अनिवार्य बिदा उपलब्ध गराइन्छ, र ओभरटाइम सहितको कुल कार्य घण्टा, कानुनले अनुमति दिएको आपतकालीन अवस्था बाहेक, ६० घण्टा भन्दा नबढ्ने व्यवस्था गरिएको छ। Workers are entitled to one compulsory rest day per week, and total working hours, including overtime will not exceed 60 hours, except in emergencies permitted by law.
- नेपालमा हस्ताक्षर गरिएको रोजगार सम्झौता कामदारको हित तथा सुविधामा सुधार हुने अवस्थामा बाहेक कामदार गन्तव्य देशमा पुगेपछि पनि परिवर्तन हुने छैन। The employment contract signed in Nepal shall remain unchanged after the worker's arrival in the destination country, except where amendments are made solely for the worker's betterment.
- आवेदकहरुले आफ्नो व्यक्तिगत पहिचान सम्बन्धी कागजात टाइटानिक वा अन्य कुनै पनि व्यक्ति/संस्थामा जम्मा गर्नु पर्ने छैन। Applicants are not required to deposit their personal identity documents to Titanic or anyone else.
- कामदारहरूलाई स्वतन्त्र रुपमा संगठित हुने र सामुहिक हकहितका लागि कानुनले अनुमति दिए बमोजिम भेला हुने अधिकार छ। Workers have the right to freely associate and bargain collectively, where permitted by law.
- कानूनले तोकेको बाहेक कामदारको जागिर नियुक्ति पछि तलबमा कुनै कटौती हुने छैन। No deductions will be made from the worker's salary after placement, except as required by law.
- करार अवधि समाप्ती पश्चात वा उचित अवधिको सूचना दिइ करार अगावै रोजगारी समाप्त गरेमा स्वदेश फिर्ता हुँदा बसोबास भएको स्थान सम्म लाग्ने यातायात तथा निर्बाह खर्च (खाना र बस्न समेत) रोजगारदाताले बहन गर्नेछ। Upon completion of the employment contract, or in case of early termination with adequate notice, return transportation to the worker's habitual residence, including in-transit lodging, will be provided by the employer.
- यस रोजगारीको अवसर प्राप्त गर्नको लागि आवेदक वा आवेदकको परिवारका सदस्य वा अन्य कसैले टाइटानिक म्यानपावर सप्लायर प्रा. लि., यसका कर्मचारी वा अन्य कुनै व्यक्ति र संस्थालाई कुनै नगद रकम वा अन्य कुनै मुल्यवान वस्तुहरू जस्तै सुन, गरगहना, मोबाइल, घडी साथै पशुधन तथा कुनै पनि किसिमको उपहार आदि दिन निषेध गरिएको छ। To secure this employment opportunity, applicants or their family members are prohibited from paying any cash or providing valuable items, including gold, jewellery, mobiles, watches, livestock, or gifts, to Titanic Manpower Supplier Pvt. Ltd., its employees, or any other person or organization.
- यदि कामदारद्वारा भर्ती प्रक्रियाको क्रममा कुनै रकम खर्च गरिएको छ भने, रोजगारदाताको तर्फबाट टाइटानिकले प्रस्थान अघि पूर्ण रूपमा फिर्ता गर्नेछ। If a worker incurs any recruitment-related expenses, Titanic will reimburse the full amount on behalf of the employer, before departure.
- यस भर्तीको लागि कुनै धितो, निक्षेप, ऋणपत्र तथा बचत कार्यक्रमहरूमा सहभागी हुन यस संस्थाले अनुमति दिने वा स्वीकार गर्ने छैन। This organization does not allow or permit any kind of bonds, deposits, or savings programs in this recruitment process.
- यस संस्थाको कुनै पनि शाखा कार्यालय र जिल्ला प्रतिनिधिको कार्यालय नभएको स्पष्ट पार्न चाहन्छौं। तसर्थ इच्छुक आवेदकहरूलाई कुनै पनि एजेन्ट र बिचौलिया प्रयोग नगरी हाम्रो कार्यालयमा सिधै सम्पर्क गर्न अनुरोध गर्दछौं। We notify that this organization does not have any branch office & district representative office. Interested applicants are requested to contact our office directly without using any agent / middleman.
- रोजगारीको लागि आवेदन दिन इच्छुक व्यक्तिले आवेदन फारम भर्नु अघि यस संस्थाको भर्ना पूर्वको अभिमुखीकरण सत्रमा अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ जहाँ आवेदकहरूलाई कामको प्रकृति, ज्याला र लाभहरू तथा काम सम्बन्धी सम्पूर्ण विवरणहरूको बारेमा जानकारी दिइन्छ। Any applicant willing to apply for this job must attend a pre-recruitment orientation to receive information including but not limited to the nature of job, wages, benefit, and other relevant details before submitting the application.
- भर्ती प्रक्रियामा सम्पूर्ण आवेदकलाई रोजगार छनोट गर्न पूर्ण स्वतन्त्रता प्रदान गरिएको छ। तसर्थ सम्पूर्ण इच्छुक आवेदकहरूले कहीं कसैबाट जबरजस्ती, बाध्यता वा धम्कीमा नपरी आफ्नै स्वेच्छामा आवेदन दिन सक्नु हुनेछ। All applicants have the freedom to choose employment and can apply voluntarily without being forced, compelled or threatened by anyone.
- टाइटानिक रोजगारीको समान अवसर सिद्धान्तमा प्रतिबद्ध छ। यस संस्थाको नीतिले कुनै पनि उमेर, लिङ्ग, जाति, धर्म, राजनैतिक आवद्धता, भौगोलिक स्थान, फरक योग्यता, चिकित्सकिय इतिहास, वैवाहिक स्थिति वा अन्य कुनै कुरालाई आधार नबनाई सबैलाई समान अवसर प्रदान गर्दछ। आवेदकहरूलाई व्यक्तिगत विशेषताहरूको सट्टा उनीहरूको सीप, क्षमता र योग्यताको आधारमा मात्र रोजगारीका लागि छनोट गरिन्छ। TITANIC is committed to the principles of equal employment opportunity for all, regardless of age, gender, race, religion, politcal affiliation, geographical location, different ability, medical history, marital status or any other basis. The applicants are selected for the employment solely based on their skills, abilities and qualifications rather than personal characterisctics.

**गुनासो दर्ता माध्यम / Grievance Reporting Channel**
यदि तपाईंसँग कुनै गुनासो वा सुझाव छ भने, तल उल्लेखित सम्पर्क माध्यम मार्फत हामीलाई जानकारी गराउनु हुन अनुरोध गर्दछौं। तपाईंले प्रदान गर्ने सबै जानकारी र पहिचान पूर्ण रूपमा गोप्य राखिनेछ, र आवश्यक कदमहरू तुरुन्तै चालिनेछन्। If you have any grievances or feedback, please reach out to us using the contact details provided below. All information and identities will be kept strictly confidential, and necessary actions will be taken promptly.
+९७७–९८०१००४३४५ / +977-9801004345 grievance@titanicmanpower.com

**प्रि-अन्तर्वार्ता टाइटानिक कार्यालय परिसर, बसुन्धारा - ०३, काठमाडौंमा २०८२ चैत ०६ गते हुनेछ।**
**Pre Interview will be held on 20 March 2026 at TITANIC office, Basundhara - 03, Kathmandu.**
**फाइनल अन्तर्वार्ता टाइटानिक कार्यालय परिसर, बसुन्धारा - ०३, काठमाडौंमा २०८२ चैत १२ गते हुनेछ।**
**Final Interview will be held on 26 March 2026 at TITANIC office, Basundhara - 03, Kathmandu.**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः–** १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम अनिवार्य लिनुपर्नेछ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला। **Information provided by the Department of Foreign Employment (DOFE):-** 1. Confirm that visa is issued under your name 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4. Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6. While going abroad use International Airport of Nepal or else you might be deceived 7. If you want to know more details regarding this advertisement. Please contact Department of Foreign Employment (DOFE), Tahachal.

TITANIC Ethical Recruitment Agency Since 2002
CELEBRATING 24 years
TFHI - OTL Certified Recruitment Agency
ISO 9001:2015 Certified Recruitment Agency

**टाइटानिक म्यानपावर सप्लायर प्रा. लि. (Titanic Manpower Supplier Pvt. Ltd.)**
**इजाजतपत्र नं: २८५/०५८/०५९ (Licence No. 285/058/059)**
बसुन्धारा चौकी, काठमाडौं, नेपाल (Basundhara Chauki, Kathmandu, Nepal)
+९७७-१-४९५३२५२, ४९६४६५९ (+977-1-4953252, 4964659)
www.titanicmanpower.com recruitment@titanicmanpower.com
Titanic Manpower Supplier www.tiktok.com/@titanic.manpower
"An Ethical Recruitment Agency Where Integrity Matters"

# अर्थतन्त्रको गति बढाउन निजी क्षेत्रलाई प्रोत्साहन

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, ४ चैत



अर्थतन्त्रको बाह्य सूचक बलियो हुँदासमेत आन्तरिक अर्थतन्त्रले गति लिन सकेको छैन । पछिल्लो समय पश्चिम एसियामा सुरु भएको द्वन्द्वका कारण नेपालको अर्थतन्त्रसमेत दबाबमा छ ।

नेपालमा पेट्रोलियम पदार्थदेखि खाद्यान्न आयातमा निर्भर हुँदा द्वन्द्वले महँगी हरेक दिन बढाइरहेको अवस्था छ । अर्थतन्त्र विस्तारै दबाबमा परिरहेको अवस्थामा शक्तिशाली बहुमतको नयाँ सरकार निमार्णको चरणमा छ । नयाँ सरकार बन्नै लाग्दा निजी क्षेत्रले ठुलो आशा र अपेक्षा गरिहेको अवस्था छ । सरोकारवालाहरूले अर्थतन्त्रको गति बढाउन निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीतिको आवश्यकता रहेकोमा जोड दिएका छन् । बुधबार 'परिवर्तित जनादेशको परिवेशमा अर्थतन्त्रको दिशा निर्देश : निजी क्षेत्रको भूमिका र अपेक्षा' विषयक अन्तरक्रिया कार्यक्रममा अर्थशास्त्री डा. विश्वास गौचनले नेपालबाट काम र शिक्षाका लागि विदेश जाने, नाफामूलक क्षेत्रका रूपमा घरजग्गाको कारोबार र आयातमा निर्भरताले अर्थतन्त्रको गति बढ्न नसकको बताए । उनले 'समृद्ध नेपाली सुखी नेपाली'को नारा लगाए पनि नेपालको प्रतिव्यक्ति आय बढ्न नसक्दा विदेश पलायनको समस्या अझै बढ्ने बताए । रेमिटेन्समा निर्भर भएकै कारण आर्थिक वृद्धि हुन नसकेको उनको भनाइ छ। उनले मध्यपूर्व युद्ध र दुईतिहाइ बहुमतको सरकारको पृष्ठभूमिमा दीर्घकालीन आर्थिक सुधार, ऋण व्यवस्थापन र लगानीमैत्री वातावरण बन्नुपर्ने बताए ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रको भूमिका अर्थतन्त्रको मेरुदण्ड भएकाले नयाँ सरकारप्रति निजी क्षेत्रले धेरै विश्वास गरिरहेको बताए । उनले नेपालमा सम्भावना छैन भन्ने भन्दा भएको स्रोत र साधनको उच्चतम प्रयोग गरेर अर्थतन्त्रलागि माथि उठाउने काममा निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको बताए । नयाँ सरकारसँग निजी क्षेत्रको विश्वासको वातावरण निर्माण गरी दीर्घकालीन आर्थिक सुधारका लागि सहकार्य आवश्यक रहेको बताए । ढकालले सरकारले निजी क्षेत्रलाई अर्थतन्त्रको इन्जिन मानेको भए पनि विगतमा राजनीतिक अस्थिरताका कारण लगानीमैत्री वातावरण बन्न सकेको बताए । उनले भने, 'एउटा सरकारलाई कन्भिन्स गरेर काम अघि बढायो, ८-९ महिनामा सरकार परिवर्तन हुन्छ, जसले गर्दा नीतिगत निरन्तरतामा समस्या देखिएको छ ।'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले नेपालको निजी क्षेत्रलाई ढुक्क भएर लगानी गर्न आग्रह गरेका छन् । उनले नयाँ दल र नयाँ अनुहारहरू सत्ता र शक्तिमा आउँदा अर्थतन्त्र र लगानीको वातावरणमा कुनै नकारात्मक असर नपर्ने बताए । मुलुकको आर्थिक समृद्धिलाई आफ्नो पार्टीले प्रमुख एजेन्डा बनाएको बताउँदै लामिछानेले निजी क्षेत्रलाई कतै पनि विचलित नहुन आग्रहसमेत गरेका छन् । उनले देशमा उद्योग कलकारखाना चल्नुपर्ने, रोजगारी सिर्जना हुनुपर्ने र सुशासनमा नयाँ मानक स्थापना गर्दै आर्थिक समृद्धिको बाटोमा अहोरात्र काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले निजी क्षेत्रको लगानीको वातावरण बनाउनका लागि कर प्रणालीमा सुधार र अनलाइन सरकारी सेवालाई तीव्रता दिनुपर्ने बताए । उनले सरकारको अबको नीति उत्पादनमुखी अर्थतन्त्रतर्फ नै केन्द्रित हुनुपर्नेमा जोड दिए । श्रेष्ठले बहुमतसहित गठन हुन लागेको सरकारप्रति आशा व्यक्त गर्दै निजी क्षेत्रलाई प्रोत्साहन गरिए निजी क्षेत्र थप जिम्मेवारीका साथ काम गर्ने उल्लेख गरे ।

नेपाल उद्योग वाणिज्य महासंघका सदस्य शिवप्रसाद घिमिरेले नेपालको आर्थिक विकासमा निजी क्षेत्रको योगदान अत्यन्त महत्वपूर्ण रहेको बताए । उनले निजी क्षेत्रले रोजगारी सिर्जना, उत्पादन वृद्धि र राजस्व संकलनमा अग्रणी भूमिका खेलेको भए पनि नीतिगत अस्थिरता, प्रक्रियागत जटिलता, लगानीमैत्री वातावरणको अभावजस्ता कारणले अर्थतन्त्रको गति बढ्न नसकेको बताए। उनले निजी क्षेत्रलाई प्रोत्साहन गर्ने खालका नीतिहरू अवलम्बन गरी समग्र अर्थतन्त्रलाई चलायमान हुने दाबी गरे ।

# 'दीर्घकालीन परियोजनामा लगानी बढाउन आवश्यक'




**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ चैत ।

अर्थमन्त्री रामेश्वरप्रसाद खनालले सरकारले ल्याउने दीर्घकालीन परियोजनामा नागरिक लगानी कोषले लगानी गर्नुपर्ने बताएका छन् । बुधबार नागरिक लगानी कोषको ३६औं वार्षिकोत्सवको उद्घाटन कार्यक्रममा अर्थमन्त्री खनालले बुढीगण्डकी जलविद्युत् आयोजना अघि बढाउन सरकारले स्वीकृत गरिसकेको बताए । उक्त परियोजनामा लगानी कोषजस्तै अन्य संस्थाले पनि लगानी गर्नुपर्ने उनले बनाए । दोहोरो कर हटाउन आवश्यक रहेकोमा जोड दिँदै उनले भने, 'कर प्रणालीमा समानता र नीतिगत सहजता आवश्यक रहेको छ ।' दोहोरो करको विषय आफ्नो कार्यकालमा समाधान नभए पनि अबको सरकारले यसतर्फ काम गर्ने विश्वास उनले व्यक्त गरे ।

१५-२० वर्ष अवधिको ऋणपत्र जारी गर्ने तयारी अन्तिम चरणमा रहेको बताउँदै उनले त्यस्ता ऋणपत्रले पनि अधिक तरलता न्यूनीकरणमा सहयोग गर्ने बताए। सार्वजनिक निजी साझेदारीबाट पनि नयाँ परियोजना, कृषि परियोजनाको लागि भूमिको हदबन्दी हटाउनेजस्ता कार्य गरेर अघि बढ्न सकिनेमा उनको जोड थियो ।

अर्थतन्त्रका सूचकहरू सकारात्मक रहे पनि मध्यपूर्वमा सिर्जित अवस्थाले आपूर्ति संयन्त्र प्रभावित हुन सक्ने चिन्ता अर्थमन्त्री खनालको थियो ।

कोष सञ्चालक समितिका अध्यक्ष तुलसीप्रसाद घिमिरेले कोष स्थापनाकालदेखि नै निरन्तर नाफामा सञ्चालन भइरहनु, फरक-फरक किसिमका योजना सञ्चालनमा ल्याउनु, प्रत्येक वर्ष सहभागी संख्या वृद्धि गर्न सफल हुनु कोषको सफलताको आधार भएको बताए । देशको आर्थिक वृद्धिदरमा टेवा पुर्‍याउन, रोजगारी सिर्जना गर्न, कृषि पर्यटन, ऊर्जा र पूर्वाधार निर्माणजस्ता उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने खाँचो रहेको उनले बताए ।

कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्कीले कोषले सातवटा योजना सञ्चालन गरिरहेको बताउँदै कोषमा उपलब्ध फन्डलाई पूर्वाधार निर्माणका क्षेत्रमा लगानी गर्न र भेन्चर क्यापिटलमार्फत लगानी विस्तार गर्न आवश्यक कार्य गरिरहेको बताए ।

यसका लागि ऐन, नियम र कानुन संशोधन प्रक्रियामा अघि बढाइएको समेत उनले बताए ।

कोषले यान्त्रिकीकरण र अटोमेसनलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेको उनको भनाइ थियो । ब्याजदरमा आएको गिरावटले कोषको आम्दानी प्रभावित भएको उनको भनाइ छ । उपदान कोष भुक्तानीमा करसम्बन्धी अन्योल रहेकोले त्यसमा समानता ल्याउनुपर्ने उल्लेख गर्दै उनले भने, 'सरकारले दिने सामाजिक भत्ताको कार्य कोषले सञ्चालनमा ल्याएको नागरिक पेन्सन योजनाले दिन सक्छ । तर, त्यसका लागि सरकारले करका दररेटमा समायोजन गर्नुपर्छ ।'

नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले कोषले लगानीका नयाँ उपकरण र नयाँ परियोजनामा लगानी गर्नुपर्ने बताए । उनले बैंकले प्रवाह गर्ने कर्जा असुलीमा समस्या आएको आउने बताए । बैंकिङ क्षेत्रमा करिब ७७ खर्ब रुपैयाँ निक्षेप संकलन भएको र करिब ५८ खर्ब मात्र कर्जा लगानी भएको उनले बताए। उनले चालु आर्थिक वर्षमा बैंकिङ क्षेत्रको विस्तार दर भने तीन दशमलव नौ प्रतिशतमा सीमित भएको उल्लेख गरे । कोषका पूर्वअध्यक्ष डा.महाश्रम शर्माले आर्थिक, सामाजिक रूपान्तरणमा कोष अघि बढिरहेको बताए । कार्यक्रममा उत्कृष्ट कर्मचारी र जेनजी आन्दोलनमा कोषमा कार्यरत सुरक्षाकर्मीहरूलाई सम्मान गरिएको थियो ।

# रुद्राक्ष बन्यो मुख्य आम्दानीको माध्यम



**भोजपुर/रासस-** भोजपुरका किसानका लागि रुद्राक्ष खेती बलियो आम्दानीको स्रोत बनेको छ। विशेष गरी दिङ्ला क्षेत्रमा अधिकांशले रुद्राक्षलाई मुख्य आम्दानीको माध्यमका रूपमा अपनाएका छन्। यहाँका किसानले रुद्राक्ष बिक्रीबाट लाखौं आम्दानी गर्दै आएका छन् ।

रुद्राक्ष व्यवसायी संघका केन्द्रीय अध्यक्ष मनोज चापागाईंका अनुसार भोजपुरमा रुद्राक्ष कारोबारबाट वार्षिक एक अर्बको हाराहारीमा रकम भित्रिने गरेको छ । राम्रो गुणस्तर, आकार र दुर्लभ मुख भएका रुद्राक्षको मूल्य अत्यधिक हुने भएकाले किसानले यसबाट पर्याप्त आर्थिक लाभ लिनसक्ने अवस्था रहेको उनको भनाइ छ ।

अध्यक्ष चापागाईंका अनुसार राम्रो आकारको २१ मुखे रुद्राक्षको एउटै दाना प्रतिगोटा ५५ लाखदेखि ६० लाखसम्ममा बिक्री हुने गर्दछ। रुद्राक्षमा देखिने प्राकृतिक धर्सा वा रेखाका आधारमा यसको 'मुख' निर्धारण गरिन्छ । सामान्यतया आठदेखि २९ मुखसम्मका दानालाई मुखदार रुद्राक्ष मानिन्छ। व्यापारीका अनुसार रुद्राक्षको मुखको संख्या जति धेरै हुन्छ, त्यति नै दुर्लभ र मूल्यवान मानिने भएकाले यसको बजार मूल्य सोहीअनुसार उच्च हुने गर्दछ ।

दिङ्ला क्षेत्रमा यस वर्ष एउटा २९ मुखे रुद्राक्षसमेत फलेको अध्यक्ष चापागाईंले जानकारी दिए । २९ मुखे रुद्राक्ष दुर्लभ मानिने भएकाले यसको मूल्य निकै महँगो हुने गर्दछ। धार्मिक तथा आध्यात्मिक महत्वका कारण यस्ता दुर्लभ रुद्राक्षको माग स्वदेशमा मात्र नभई विदेशमा उच्च रहेको छ । दिङ्लाका एक किसानले रुद्राक्षबाट वार्षिक रूपमा न्यूनतम एक लाखदेखि अधिकतम ५० लाखसम्म आम्दानी गर्ने गरेको उनले बताए । गत वर्ष मात्र भोजपुरबाट करिब २१ लाख किलो रुद्राक्ष बिक्री भएको तथ्यांक रहेको अध्यक्ष चापागाईंले बताए ।

'करिब ६ लाख किलो रुद्राक्ष चीनतर्फ निर्यात भएको थियो । बाँकी भारतमा निर्यात गरिएको तथ्यांक छ,' उनले भने । रुद्राक्षको मूल्य निर्धारण यसको मुख, तौल, आकार, गुणस्तर र दुर्लभताको आधारमा हुने गर्दछ। राम्रो आकार, स्पष्ट मुख र कम दोष भएका दानाको मूल्य बजारमा धेरै हुने गर्दछ । भोजपुरमा करिब ३० हजारदेखि ४० हजार किसान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रुद्राक्ष खेतीमा आबद्ध रहेको रुद्राक्ष व्यवसायी संघले जनाएको छ ।

दिङ्ला क्षेत्रका किसानले उत्पादन गरेको रुद्राक्ष खरिद गर्न चीनका व्यापारी घर-घरमासमेत आउने गरेका छन्। यो क्षेत्रमा रुद्राक्ष अत्याधिक उत्पादन हुने भए पनि यसको प्रमुख प्रारम्भिक बजार भने संखुवासभाको खाँदबारी र तुम्लिङटार रहेको छ। यहाँका किसानले उत्पादन गरेको रुद्राक्ष ती बजारमा लगेर बिक्री गर्ने गरेका छन्। खाँदबारीबाट भने रुद्राक्ष तराईका विभिन्न जिल्ला, काठमाडौं तथा चीन र भारतसम्म निर्यात हुने गरेको छ । पछिल्लो समय युरोप, अमेरिकालगायत मुलुकमासमेत नेपाली रुद्राक्षको माग बढ्दै गएको व्यापारीहरू बताउँछन् । इतिहासका अनुसार भोजपुरमा रुद्राक्ष खेतीको सुरुवात धेरै पुरानो मानिन्छ । १९३२ सालभन्दा अघि भारतको काशीबाट ल्याएर बालागुरु षडानन्द अधिकारीले दिङ्ला क्षेत्रमा रुद्राक्षको बिरुवा रोपेको पाइएको छ। त्यसपछि यहाँ क्रमशः यसको विस्तार हुँदै गएको स्थानीय बताउँछन्। अहिले भोजपुरको दिङ्ला क्षेत्र नेपालकै प्रमुख रुद्राक्ष उत्पादन केन्द्रका रूपमा चिनिन्छ ।

रुद्राक्षले धार्मिक तथा आध्यात्मिक रूपमा पनि विशेष महत्व राख्छ । हिन्दु धर्मावलम्बीले रुद्राक्षलाई भगवान् शिवसँग सम्बन्धित पवित्र वस्तुका रूपमा लिने गर्छन्। त्यसैले पूजा, जपमाला तथा विभिन्न धार्मिक अनुष्ठानमा यसको प्रयोग हुने गर्दछ । सामान्यतया कालो रङको रुद्राक्षलाई सबैभन्दा राम्रो मानिन्छ । जुन रुद्राक्षमा प्वाल नपारीकन नै धागो छिराउन सकिन्छ । प्राकृतिक रूपमा बनेका यस्ता दाना दुर्लभ हुने भएकाले यसको मूल्य धेरै हुने गर्दछ ।

भोजपुरको षडानन्द नगरपालिकाअन्तर्गत नेपालेडाँडा, कुदाकाउले, देउराली, मूलपानी, केउरेनीपानीलगायत स्थानमा रुद्राक्ष खेती व्यापक रूपमा हुँदै आएको छ । यसबाहेक जिल्लाका अन्य विभिन्न स्थानमा पनि यसको उत्पादन बढ्दै गएको छ । यद्यपि किसानले रुद्राक्ष खेतीसँगै समस्या पनि भोगिरहेका छन् । विशेषगरी राम्रो दाना चोरी हुने, रुद्राक्षका बोट काटिदिनेजस्ता समस्या बढ्दै गएको किसानको गुनासो छ । यसको संरक्षण तथा व्यवस्थित बजार व्यवस्थापन गर्न सकेमा रुद्राक्ष खेती अझ बढी लाभदायक बन्न सक्ने स्थानीयको भनाइ छ ।

# एमएडब्लु वृद्धिको मेगा एक्सचेन्ज चैत १२ देखि


**काठमाडौं/मस-** एमएडब्लु वृद्धिले आफ्नो लोकप्रिय इभी ब्रान्डहरू दिपल, अवतार, नामी र सेरेसलाई एउटै प्लेटफर्ममा समेटेर नेपालकै सबैभन्दा ठूलो मेगा एक्सचेन्ज कार्निभल आयोजना गर्ने भएको छ । चैत १२ देखि १४ गतेसम्म चैतसम्म देशैभरि आयोजना हुने मेगा एक्सचेन्ज कार्निभल डिजाइन र प्रविधिमा अब्बल इभीमा अपग्रेड हुने सबैभन्दा उत्तम समय हुनेछ ।




मेगा एक्सचेन्जमा ग्राहकले प्रत्यक्ष नगद बचत, पुराना गाडीहरूको उच्चतम मूल्यांकन, उत्कृष्ट एक्सचेन्ज बोनस, निःशुल्क बिमा तथा चार्जर प्याकेज र नेपालकै सबैभन्दा लामो एक्सटेन्डेड वारेन्टीजस्ता सुविधा प्राप्त गर्नेछन्। नेपालमा दिगो यातायाततर्फको रुपान्तरण तीव्र बन्दै गइरहेको अवस्थामा एमएडब्लु वृद्धि नवीन तथा ग्राहककेन्द्रित पहलमार्फत इभीको स्वामित्वलाई सहज बनाउन प्रतिबद्ध रहेको छ। बढ्दो इन्धन मूल्य, वातावरणीय सचेतना तथा आकर्षक एक्सचेन्ज सुविधाका कारण यो कार्निभल इभीमा अपग्रेड गर्ने सबैभन्दा उपयुक्त अवसर बनेको छ ।

काठमाडौं उपत्यकामा यो कार्यक्रम ग्राहकको सहजताका लागि गैरिधारास्थित सिल्भरओक बैंक्वेट, ललितपुर पुल्चोकस्थित संस्कार फाइन एन्ड डाइन र भक्तपुर राधेराधेस्थित हेरिटेज प्लायलेसमा आयोजना गरिनेछ। उपत्यकाबाहिर भने यो कार्यक्रम दिपल, नामी तथा सेरेसका सम्बन्धित सोरुमहरूमा आयोजना हुनेछ जसले देशभरका ग्राहकलाई यो अभूतपूर्व अवसरको फाइदा उठाउन सहज बनाउनेछ ।

# तरकारीखेतीबाट वार्षिक ३० लाख आम्दानी



**म्याग्दी/मस-** म्याग्दीका किसानले व्यावसायिक खेतीबाट वार्षिक ३० लाख रुपैयाँसम्म आम्दानी गर्दै आएका छन् । यहाँका किसानले बेमौसमी तरकारी, फलफूललगायत खेती गरेर वार्षिक ३० लाख रुपैयाँभन्दा बढी आम्दानी गर्दै आएका हुन् ।

जिल्लाको बेनी नगरपालिका-२ लब्लीहिलका चन्द्रबहादुर कार्की, खबराका सोभित शर्मा, भकिम्लीका टेकबहादुर घर्ती, मरेकका इन्द्र थापा, बासकुनाका तिलक गुरुङ, मंगला गाउँपालिका-३ का सन्तनाथ सापकोटालगायत जिल्लाका कैयौं किसानले तरकारी र फलफूल खेतीमार्फत गाउँमा समृद्धिको नयाँ इतिहास रचेका छन् ।

बेनी-२ का कार्कीले नौ रोपनी जमिनमा मौसमी र बेमौसमी तरकारी उत्पादन गर्दै वार्षिक ३० लाख रुपैयाँभन्दा बढी आम्दानी गर्दै आएको बताए । उनले धान फल्ने खेत र कोदो झुल्ने बारीभरि तरकारी र फलफूल खेती गरेको बताए ।

आफ्नो कमाइबाट बेनी बजार र गाउँमा घर बनाएको कार्कीको भनाइ छ । किसानको कठिनाइबीच मल, बीउ, पानी र बजारको समस्या समाधान गर्दै दिनरात मिहिनेत गरेका कार्कीको बारीमा साग, बन्दाकोबी, प्याज, लसुन, मुला, गाजर, धनियाँलगायत मौसमी तथा बेमौसमी तरकारी छन् ।

६५ वर्षीय कार्की जहिले पनि खेतबारीको माटोसँग खेलिरहेको देख्न सकिन्छ। राष्ट्रकवि माधवप्रसाद घिमिरेको कविताका अंश 'ढुंगाको काप फोरेर पनि उम्रन्छ पीपल'जस्तै उनको जीवन पनि सिर्जनात्मक श्रमको प्रत्यक्ष उदाहरण बनेको बेनी नगरपालिका-२ का वडाध्यक्ष यामबहादुर कार्कीले बताए ।

कार्कीको सफलताले युवालाई विदेश जानुभन्दा गाउँमा बसेर मेहनत गर्न प्रेरणा दिएको छ । स्थानीय कृषक तेजेन्द्र कार्कीले भने, 'कार्की दाइको पसिनाले माटोमा सुन फलाएको छ । उहाँको खेतबारी जापान, कोरिया वा अमेरिका जस्तै भएका छन् ।'

पत्रकार महासंघ म्याग्दीका अध्यक्ष हरिकृष्ण गौतमका अनुसार कार्कीको मिहिनेतले गाउँमा पैसाको प्रवाह बढाएको छ भने स्थानीय बजारमा तरकारी आपूर्ति सहज बनाएको छ । व्यापारीको कारोबार बढ्दा कतिपय युवाले गाउँमा रोजगारी पाउन थालेका उनको भनाइ छ । अध्यक्ष गौतमले भने, 'जिल्लाका अधिकांश किसान पछिल्लो समय तरकारी र फलफूलको व्यावसायिक खेती गरी मनग्ये आम्दानी गर्दै आउनुभएको छ । सिजनमा सुन्तला बेचेर रु पाँच लाखदेखि ४० लाख रुपैयाँ आम्दानी गर्ने किसान पनि जिल्लामा हुनुहुन्छ। तरकारी र फलफूलबाट विदेशमा भन्दा बढी कमाइ गर्न सकिने प्रशस्त उदाहरण म्याग्दीमा देखिन्छन् ।'

कार्कीले रासायनिक मल र विषादी प्रयोग नगरी शुद्ध, आर्ग्यानिक तरकारी उत्पादनलाई प्राथमिकता दिएका छन् । यसले उपभोक्ताको विश्वास जितेको उनको भनाइ छ। बेनी बजारका व्यवसायी टीकाबहादुर पाण्डेले भने, 'स्वास्थ्यप्रति सचेत उपभोक्ताले कार्की दाइको उत्पादनलाई प्राथमिकता दिन थालेका छन् ।'

**OFFICE OF FEDERAL URBAN DEVELOPMENT & BUILDING CONSTRUCTION (FUDBC), Surkhet**

**Invitation For Bids (IFB)**

**Notice No:FUDBC/Surkhet/ 04-082/83 (Date of publication: - 19th March, 2026 (2082/12/05)**

1. DUDBC-FUDBC, Surkhet invites following electronic bid from eligible Nepalese Bidders under National Competitive single envelop bidding procedure under special circumstances procurement .The details of the project are as follows:

| S.N | Contract No. | Description of Work | Estimate Amount (Without P.S. & VAT) | Qualification requirement | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| 1 | FUDBC/Surkhet/ Works/NCB/11/082/83 | Maintenance and Rehabilitation of Damage Federal Government office buildings during Gen-Z Movement Under FUDBC Surkhet | 26,00,000 | None | 2082/12/12 (3/26/2026) |
| 2 | FUDBC/Surkhet/ Works/NCB/12/082/83 | Repair/reconstruction/restoration work of office building damaged in the Gen-Z protest, Survey office Surkhet | 24,70,263.09 | Shotcrete works in any Building, Bridge or Hydropower projects. | |
| 3 | FUDBC/Surkhet/ Works/NCB/13/082/83 | Maintenance and Rehabilitation of Damage Surkhet Convention Hall Birendranagar,Surkhet. | 64,64,000 | None | |

2. Eligible Bidders may obtain further information from PPMO's website: www.bolpatra.gov.np/egp.

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**